जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २८९ • २०८० साल चैत्र ३ गते शनिवार (16 March, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### उपप्रम यादव बारामा

## प्रदेश सरकारबारे मुख्यमन्त्रीसित निर्णायक छलफल

**टुडे समाचारदाता**

कलैया। जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष तथा उपप्रधानमन्त्री उपेन्द्र यादव बारा पुगेका छन्। बाराको कार्यक्रममा सहभागी भएपछि शुक्रबार रातिमा उनी र मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवबीच मधेश प्रदेश सरकार सम्वन्धमा वान टु वान कुराकानी भएको छ।

केन्द्रमा नयाँ समीकरणको सरकार गठन भएपछि गठबन्धनमा आएका र गएकाहरुको सम्वन्धमा व्यापक छलफल भएको जनाइएको छ। गठबन्धनमा कांग्रेसको वर्हिगमन र एमालेको आगमनले मधेश प्रदेश सरकारमा फेरवदल हुने आकलन लगाइए पनि मधेश प्रदेशमा जसपाकै मुख्यमन्त्री रहने र वर्तमान सरकारमा केही फेरवदल हुन सक्ने सम्वन्धमा समेत कुराकानी भएको बताइएको छ।

स्रोतका अनुसार मधेश प्रदेश सरकारको नेतृत्व जसपाले नै गर्ने तर, कांग्रेसले पाएका मन्त्रालय एमालेलाई दिने केन्द्रमा समेत सहमति भइसकेका कारण प्रदेशमा त्यस अनुरुप नै हुनेछ। मधेश प्रदेशमा नेपाली कांग्रेसले भौतिक पूर्वाधार, गृह र स्वास्थ्य मन्त्रालय लिएका छन्। हुनत लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले पनि वर्तमान गठबन्धनमा नअटाएका कारण मधेश प्रदेश सरकारमा वन मन्त्रालय लिएका लोसपालाई समेत वर्हिगमनको सम्बन्धमा छलफल भएको छ। लोसपाले रमेश कुर्मीलाई वन मन्त्री बनाएका छन्। लोसपा पनि बाहिरिए पछि मधेश प्रदेशमा चार वटा मन्त्रालय खाली हुनेछ।

एमालेले मधेश प्रदेशमा मुख्यमन्त्री छाडे सवै मन्त्रालयमा दावी गरे पनि कांग्रेससंग रहेको मन्त्रालय एमालेलाई दिने र लोसपाले लिएको मन्त्रालय पछि छिनोफानो गर्दा उपयुक्त हुने मुख्यमन्त्री यादवले पार्टी अध्यक्ष यादव समक्ष ब्रिफिङ्ग गरेको स्रोतको दाबी छ।

मधेश प्रदेश सरकारको नेतृत्व सम्बन्धमा कुराकानी नमिल्दा जसपा पछि बाट सरकारलाई समर्थन दिएका थिए। मधेश प्रदेशको सम्बन्धमा छिनोफानो भएपछि मात्रै जसपाले वर्तमान सरकारलाई समर्थन दिएको गठबन्धनमा सहभागी भएको जसपा स्रोतको दाबी छ। मधेश प्रदेशमा जसपाकै मुख्यमन्त्री रहने र एमालेले कांग्रेसले लिएको मन्त्रालय लिने जसपाका एक कार्यकारिणी सदस्यको दाबी छ। उनका अनुसार पार्टी अध्यक्ष यदवसित प्रदेश सरकार बारे मुख्यमन्त्रीको निर्णायक छलफल भएको छ।

### ६० किलो सुन प्रकरण

## महरा सहित एआईजी, एसपी र दुई डीएसपीमाथि कारबाही सिफारिस

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महराविरूद्ध मुद्दा चलाउन सिफारिस गरिएको छ।

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग २०८० ले ९ किलो सुन तस्करी प्रकरणमा मुद्दा चलाउनुपर्ने सिफारिस गरेको छ। आयोगले प्रतिवेदन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेलाई बुझाएको थियो।

गृह मन्त्रालय स्रोतका अनुसार केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले महरालाई मुद्दा नचलाएर उन्मुक्ति दिएको छ। सिआइबीले इलेक्ट्रिक चुरोट (भेप)मार्फत् तस्करी भएको ९ किलो सुन प्रकरणमा उनलाई कागज मात्रै गराएर छाडेको थियो। यद्यपि उनका छोरा राहुल महरालाई भने पक्राउ गरी मुद्दा चलाएको थियो। राहुल हाल पुर्पक्षका लागि थुनामा छन्।

महरा बाबुछोराको सम्पर्क सिधै तस्कर दाओजिन वाङसँग पटकपटक भएको सिआइबीकै अनुसन्धानमा देखिएको थियो। तर पनि सिआइबीले उनीहरूविरूद्ध पहिलो चरणको अनुसन्धानमा सोधपुछ नगरी मुद्दा बुझाएको थियो। दोस्रो चरणको अनुसन्धानमा भने राहुललाई पक्राउ गरेको थियो।

सुन तस्करी जाँचबुझ आयोगले केन्द्रीय अनुसन्धान ब्युरोकी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) किरण बज्राचार्य सहित ४ प्रहरी अधिकृतलाई विभागीय कारबाही गर्न सिफारिस गरेको छ।

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले आफ्नो प्रतिवेदनमा सो सिफारिस गरेको छ। त्रुटिपूर्ण अनुसन्धान गरेको र सुनमा संलग्नहरूसँग 'नेक्सस' देखिएको आरोपमा एआईजी बज्राचार्य, अनुसन्धान समितिका संयोजक प्रहरी उपरीक्षक (एसपी) सञ्जय सिंह थापा, प्रहरी नायव उपरीक्षक (डीएसपी)द्वय दुर्गा दाहाल र रुगम कुँवरलाई कारबाही गर्न सिफारिस गरिएको छ।

६० केजी सुन र भेपमा उनीहरुले त्रुटिपूर्ण अनुसन्धान गरेको आयोगको ठहर छ। ६० किलो सुन हङकङबाट र भेपमा लुकाएर दुबईबाट ल्याएको सुनबारे आयोगले जाँचबुझ गरेर प्रतिवेदन बुझाएको छ।

आयोगले बुझाएको प्रतिवेदन उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई हस्तान्तरण गरेका छन्। असोज १४ मा मन्त्रिपरिषद्ले सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोग गठन गरेको थियो।

> **६० केजी सुन र भेपमा उनीहरुले त्रुटिपूर्ण अनुसन्धान गरेको आयोगको ठहर छ। ६० किलो सुन हङकङबाट र भेपमा लुकाएर दुबईबाट ल्याएको सुनबारे आयोगले जाँचबुझ गरेर प्रतिवेदन बुझाएको छ।**

सीआईबीले बुझेका तर, मुद्दा नचलाएका ७ जनालाई आयोगले पूरक अभियोगमार्फत मुद्दा लैजान सिफारिस गरेको छ। आयोगले वाल्डो क्यासिनोको अकाउन्ट हेर्ने हङकङका नागरिक टेरेन्सलाई मुद्दा चलाउन सिफारिस गरेको छ। मन्जील श्रेष्ठ, अविनाश रावत र जीवन गुरुङलाई पनि मुद्दा चलाउन सिफारिस गरिएको छ। अविनाश विमानस्थल भन्सार कार्यालयका अधिकृत विष्णु पौडेलेका चालक छन्। उनले भेप मार्फत ल्याएको सुन बेच्न भूमिका खेलेको आरोप छ। जीवन गुरुङ डिल्लीबजारमा सञ्चालित प्लाटिनम कलेजका प्रमुख कार्यकारी अधिकृत छन्। गुरुङ १४ किलो सुन तस्करीमा संलग्न आरोपमा हाल थुनामा छन्।

सुबु केसी र भिमकान्त भण्डारीलाई पनि मुद्दा चलाउनुपर्ने आयोगको निष्कर्ष छ। आयोगले सुन तस्करीमा सुबुको पनि 'कनेक्सन' देखिएको ठहर सहितको प्रतिवेदन सरकारलाई बुझाएको छ।

केसी पूर्व प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालका साथी छन्। ६० किलो सुनमा केसीको संलग्नता देखिएको आयोगको निष्कर्ष छ। बेल्जियन नागरिक दावा छिरिङको मोबाइलको फरेन्सिक जाँच गर्दा केसीको संलग्नता पुष्टि भएको आयोगको प्रतिवेदनमा उल्लेख गरिएको गृह मन्त्रालयका एक जना उच्च अधिकृतले बताए।

मुद्दा चलाउन सिफारिस गरिएका भिमकान्त भण्डारी विध ल्याबका सञ्चालक छन्। उनलाई ब्युरोले 'बयान कागज' गराएर छाडेको थियो। भण्डारी र सुन तस्करीमा संलग्न तिब्बतीयन मूलका बेल्जियन नागरिक छिरिङसँग सम्पर्क देखिएको छ।

जाँचबुझ आयोगले १० जना उच्च सरकारी अधिकृतहरूलाई विभागीय कारबाही गर्न सिफारिस गरेको छ। सरकारी अधिकृतहरूले सुनको अनुसन्धान र अभियोजनमा 'गम्भीर त्रुटि' गरेको आयोगको निष्कर्ष छ।

सीआईबीकी प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यलाई विभागीय कारबाहीको सिफारिस गरिएको छ। सहसचिवहरू झलकराम अधिकारी र अरुण पोखरेललाई विभागीय कारबाही गर्न सिफारिस गरिएको छ। अधिकारी हाल नेपाल ट्रस्टको कार्यालयमा कार्यरत छन्। ६० किलो सुन तस्करीमा संलग्न बेल्जियन नागरिक दावा छिरिङसँग सह-सचिव अधिकारीको 'कनेक्सन' देखिएको छ।

अरुण पौडेल विमानस्थल भन्सार कार्यालयका तत्कालीन भन्सार प्रशासक छन्। विमानस्थल भन्सारका उपसचिव श्रीधर टण्डन र मुक्ति श्रेष्ठलाई कारबाही गर्न भनिएको छ। उपसचिव श्रीधर टण्डन हाल त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा प्रमुख भन्सार अधिकृत पदमा कार्यरत छन्। मुक्ति श्रेष्ठ भन्सार विभागको निर्देशक छन्। दुबईबाट भेपमा लुकाएर तस्करी गरिएको सुनको अनुसन्धानमा उनीहरूको त्रुटि देखिएको आयोगको ठहर छ।

त्रुटिपूर्ण अभियोजन गरेको आरोपमा आयोगले दुई जना उपन्यायाधीवक्तालाई पनि विभागीय कारबाही गर्न सिफारिस गरेको छ। सरकारी वकिल कार्यालय काठमाण्डुका महान्यायाधिवक्ता वासुदेव शर्मा र जनक घिमिरेलाई कारबाहीको सिफारिस भएको गृह मन्त्रालयका एक जना उच्च अधिकृतले बताए। उपन्यायाधीवक्ता घिमिरे अहिले महान्यायधिवक्ता कार्यालयमा र शर्मा जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डुमा कार्यरत छन्। प्रहरीले बुझाएको अनुसन्धान प्रतिवेदनको आधारमा उनीहरूले मुद्दा अभियोजन गरेका छन्।








संसारकै लामो पैदल यात्रा मानिएको १५ दिने माध्यमिकी परिक्रमाको यात्रीहरू शुक्रबार महोत्तरीको सदरमुकाम जलेश्वरमा चौथो दिनको विश्रामपश्चात पाँचौं दिनको बासका लागि भगवान् रामचन्द्र (मिथिला विहारीजी) को डोला लिएर महोत्तरी गाउँपालिकाको वडा नम्बर -३ मडै गाउँतर्फ जादा। *तस्बिरः रासस*

# मानव विकास सूचकाङ्कमा नेपाल एक सय ४६औँ स्थानमा

**टुडे समाचारदाता**

काठमाण्डु। मानव विकास सूचकाङ्क (ह्युमन डेभलपमेन्ट इन्डेक्स-एचडिआई) मा नेपालको अवस्थामा सुधार देखिएको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले बिहीबार सार्वजनिक गरेको विश्वव्यापी मानव विकास प्रतिवेदनअनुसार नेपाल एक सय ४६औँ स्थानमा छ।





प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकाङ्क मान शून्य दशमलव ६०१ छ। जसअनुसार नेपाल मध्यम मानव विकास श्रेणीमा पर्दछ। सन् २०२१ मा नेपाल एक सय ४९औँ स्थानमा थियो। सन् २०२१ को तुलनामा नेपालको मानव विकास सूचकाङ्कमा शून्य दशमलव ०१० ले प्रगति गरेको छ। जुन विश्वव्यापी औसत शून्य दशमलव ००४ भन्दा बढी हो। मध्यम मानव विकास श्रेणी भन्नाले मानव विकास सूचकाङ्कको मान शून्य दशमलव पाँच सय ५० देखि शून्य दशमलव ६९९ बीचको श्रेणीलाई जनाउँछ।

"सन् १९९० देखि २०२२ को बीचमा नेपालको जन्ममा सरदर आयु १५ दशमलव सात वर्षले, विद्यालय जाने औसत वर्ष पाँच दशमलव चार प्रतिशतले र विद्यालय जाने अपेक्षित वर्ष दुई दशमलव एक वर्षले परिवर्तन भएको छ। यसैगरी, नेपालको प्रतिव्यक्ति कूल राष्ट्रिय आय (जिएनआई) करिब एक सय ६५ दशमलव सात प्रतिशतले परिवर्तन भएको छ", प्रतिवेदनमा भनिएको छ, "सन् २०२२ मा महिलाको मानव विकास सूचकाङ्क शून्य दशमलव पाँच सय ६२ र पुरुषहरुको शून्य दशमलव छ सय ३५ रहेको छ जसका कारण लैङ्गिक विकास सूचकाङ्कको मान शून्य दशमलव आठ सय ८५ हुन आउँछ।"

प्रतिवेदनले असमान विकासको गतिले आर्थिक रुपमा कमजोरलाई झन् पछाडि धकेल्दै असमानता र राजनीतिक ध्रुवीकरण विश्वव्यापी स्तरमै बढ्दै गइरहेको उल्लेख गरेको छ। गतिरोधको अन्त्यः ध्रुवीकृत विश्वमा सहकार्यको पुनःकल्पना' शीर्षकको सन् २०२३/२४ को मानव विकास प्रतिवेदनले विश्वव्यापी मानव विकास सूचकाङ्कमा आएको सुधारलाई आंशिक, अपूर्ण र असमान रहेको देखाएको छ। मानव विकास सूचकाङ्कले कुनै पनि देशको प्रतिव्यक्ति कूल राष्ट्रिय आय, शिक्षा र औसत आयु मापन गर्दछ।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार वस्तुको विश्वव्यापी व्यापारको ४० प्रतिशत हिस्सा तीन वा त्योभन्दा पनि कम देशहरूमा केन्द्रित छ। सन् २०२१ मा विश्वका प्रत्येक तीनवटा ठूला प्रविधिसम्बन्धी कम्पनीहरूको बजार पूँजी ९० प्रतिशतभन्दा बढी देशहरूको कूल गार्हस्थ्य उत्पादन (जिडिपी)भन्दा बढी हुन पुगेको थियो। विश्वव्यापी असमानताहरूलाई आर्थिक केन्द्रिकरणले झन् बढाएको पनि प्रतिवेदनमा उल्लेख छ।

"प्रतिवेदनले दुई दशकअघि धनी र गरिब राष्ट्रहरुबीचको असमानता घट्दै गइरहेको क्रम हाल उल्टिन गएको खुलासा गरेको छ। समाजहरूबीचको विश्वव्यापी अन्तरसम्बन्धका बाबजुद पनि हामी असफल हुँदै गइरहेका छौँ। प्रतिवेदनले औँल्याएका चुनौतीहरूको सम्बोधन गर्न हाम्रा अन्तरनिर्भरताका साथै हाम्रा क्षमताको सबलीकरण गर्नुपर्छ", युएनडिपीका प्रमुख अकिम स्टाइनरले भने, "यसले ठूलो मानवीय क्षति निम्त्याउन सक्छ। जलवायु परिवर्तन, डिजिटिकरण वा गरिबी र असमानताको क्षेत्रमा सामूहिक रुपमा काम गर्न नसक्नुले मानव विकासमा बाधा पारेको छ। साथै ध्रुवीकरणलाई पनि तीव्र बनाउँदै विश्वभरका मानिस र संस्थाहरूमाथिको आस्था झन् कमजोर हुने खतरा छ।"

युएनडिपीका आवासीय प्रतिनिधि आइशानी मेडागङ्गोडा लाबेले नेपालले विगत पाँच दशकमा प्रगति गरे पनि कोभिड महामारीपछि यो प्रगतिमा गतिरोध आएको बताउनुभयो। "युवाका लागि मर्यादित रोजगारी, स्थानीय र सामाजिक असमानता, आर्थिक वृद्धि, साथै संस्थामाथिको विश्वासमा गतिरोध आएको छ। तीनै तहका सरकारबीच मात्र नभई निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र आम जनतासँग पनि सहकार्य गर्नु अपरिहार्य छ," उनले भने, "सङ्घीय सरकारले पारदर्शिता, जवाफदेहिता र निष्ठामा बढी ध्यान दिनुपर्नेछ। प्रादेशिक र स्थानीय सरकारहरूले योजना र सेवा प्रवाह बढाउने, साथै नागरिक समाज सङ्गठनले आशा र विश्वास पुनर्जीवित गर्न जनताको सहभागिता र आवाजलाई अझ प्रवर्द्धन गर्न सक्छन्। यसरी बहुपक्षीयताको मार्ग अवलम्बन गरे समाजमा सबैलाई फाइदा पुग्छ।"

प्रतिवेदनले आजको युगमा विश्वव्यापीकरणको विकल्प नरहेको र आर्थिक अन्तरनिर्भरता उच्च रहेको उल्लेख गरेको छ। विश्वको कुनै पनि देश आफैमा आत्मनिर्भर नरहेको र सबै देशहरु कम्तीमा २५ प्रतिशत वा कुनै एक प्रकारको वस्तु वा सेवाहरूको आयातमा निर्भर रहेको देखाएको छ।

# राष्ट्रियसभामा नयाँ व्यवस्थाः सुरु भयो प्रादेशिक सरोकार समय

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रियसभाको बैठकमा प्रादेशिक सरोकारका विषयमा छलफल सुरु भएको छ। राष्ट्रियसभाको नयाँ नियमावलीमा गरिएको व्यवस्थाअनुसार प्रादेशिक समस्या, विकास निर्माणको अवस्थालगायतका विषयमा छलफल गर्न 'प्रादेशिक सरोकार समय' सुरु भएको हो।

त्यसका अलावा शुक्रबारको बैठकमा सांसदहरुले समसामयिक राजनीतिक विषयका साथै देशका विभिन्न स्थानमा भएका दुर्घटनामा परी निधन भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेका थिए।

बैठकको सुरुआतमा सांसद गोपीबहादुर अछामी सार्कीले राष्ट्रियसभाको नयाँ नियमावलीअनुसार सभाको काम कारबाही अगाडि बढेकामा खुसी व्यक्त गरे। उनले बिहीबार उदयपुरमा भएको सवारी दुर्घटनामा परी निधन भएकाप्रति श्रद्धाञ्जली अर्पण गरे।

सांसद अछामीले कोशी प्रदेशको प्राकृतिक स्रोतसाधन तथा पर्यटकीय क्षेत्रबारे जानकारी गराउँदै त्यसलाई थप व्यवस्थित गरेर आर्थिक समृद्धिको साधन बनाउनुपर्नेमा जोड दिनुभयो। उनले औद्योगिक क्षेत्रको विस्तार गरी आर्थिक विकासको मार्गलाई अगाडि बढाउनुपर्ने बताए।

सांसद नारायणदत्त भट्टले पनि आर्थिकरुपमा पछाडि परेको सुदूरपश्चिम प्रदेशको समग्र अवस्थितिबारे जानकारी गराउँदै राष्ट्रिय नीति बनाउँदा अझै पनि पछाडि पारिएको गुनासो गरे। उहाँले पश्चिम सेती जलविद्युत् आयोजना, बडीमालिकाजस्ता क्षेत्रको महत्वबारे जानकारी गराउँदै त्यस क्षेत्रको विकास र समृद्धिका लागि सबैको साथ तथा





सहयोग जरुरी रहेको बताए।

सांसद भट्टले कर्णाली पुलमा केही दिन पहिले भएको आगलागीका कारण कर्णाली पुलमा क्षति पुगेको, हुलाकी सडकको मर्मतसम्भारमा ध्यान नदिइएकामा गुनासो गरे।

> राष्ट्रिय गौरवका परियोजनाको कामले गति लिन नसकेको तथा विकास निर्माणका आयोजना तोकिएको समयमा पूरा हुन नसक्नाका कारण पत्ता लगाई समाधान गर्नुपर्ने बताए।

उनले प्रदेश सरकारलाई अधिकार नदिइएका कारण प्रदेश र स्थानीय सरकारले प्रभावकारी काम हुन नसकेको तर्क गर्नुभयो। राष्ट्रिय गौरवका परियोजनाको कामले गति लिन नसकेको तथा विकास निर्माणका आयोजना तोकिएको समयमा पूरा हुन नसक्नाका कारण पत्ता लगाई समाधान गर्नुपर्ने बताए।

सांसद तुलसाकुमारी दाहालले लैङ्गिक सचेतनासहित महिलाको समग्र विकास सम्बोधन हुने गरी नीति तथा कार्यक्रम र बजेटमा प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए। भूमिहीन दलित, सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सरकारले प्रयास थालेको भए पनि अपेक्षित प्रगति हुन नसकेको भन्दै त्यसलाई गति दिनुपर्ने बताए। सांसद गोमादेवीतिमिल्सनालेदेशव्यापीरुपमा बढेको सवारी दुर्घटनाका कारण जनधनको क्षति भएको तथ्य पेस गर्दै सङ्घीय, प्रदेश र स्थानीय सरकारले आ-आफ्नो जिम्मेवारी पूरा गरेर सडक मर्मतसम्भार गर्नुपर्ने बताए।

सांसद मोहम्मद खालिदले विकास र समृद्धिको असीम सम्भावना बोकेको भए पनि मधेस प्रदेशले अपेक्षित प्रगति हासिल गर्न नसकेको बताए। सांसद शेखरकुमार सिंहले तराई-मधेसमा चुरे दोहनका कारण खानेपानीको समस्या विकराल बन्दै गएको बताए। प्रदेशलाई अधिकार नदिइएका कारण प्रभावकारी कार्यसम्पादन हुन नसकेको, बजेट विनियोजनमा विभेद रहेको, सडक पूर्वाधार कमजोर रहेको उल्लेख गर्दै त्यसलाई ध्यान दिन सरकारको ध्यानाकर्षण गराए।

सांसद तुलप्रसाद विश्वकर्माले पनि सङ्घीय कानुन निर्माण नहुँदा प्रदेश सरकारले प्रभावकारीरुपमा काम गर्न नसकेको तथ्य पेस गर्दै कानुन निर्माणलाई थप गति दिनुपर्ने बताए। उनले भैरहवास्थितगौतमबुद्धअन्तर्राष्ट्रिय विमानस्थललाई नियमितरुपमा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै नारायणगढ-बुटवल सडक स्तरोन्नतिलाई गति दिन माग गरे।

सांसद रेनु चन्दले संविधानअनुरुप बजेट विनियोजन गरी प्रदेशलाई सबल र सक्षम बनाउनुपर्ने बताए। उनले सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश 'योजना कुपोषण'मा रहेको, बजेट विनियोजमा पनि त्यस्तै अवस्था रहेकाले आगामी आर्थिक वर्षको बजेटमा सम्बोधन गर्न माग गरे। सांसद सोनाम ग्याल्जेन शेर्पा मुलुकको पर्यटन क्षेत्रको विकासमा सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिए। लुक्लासम्म जोड्ने सडक निर्माणका लागि यथेष्ट बजेटको प्रबन्ध गर्न माग गरे।

सांसद राजेन्द्रलक्ष्मी गैरेले जिल्ला समन्वय समितिले बजेट, कर्मचारीको अभावमा अपेक्षित काम गर्न नसकेको बताए। सांसद कमला पन्थले नियमावलीमा नै व्यवस्था गरेर पहिलो पटक प्रदेशगत विषयमा सभामा आफ्ना विषय राख्न पाउँदा आफूलाई खुसी लागेको बताए। उनले गण्डकी प्रदेशमा बाँदर आतङ्कले किसानलाई आतङ्कित बनाएको, किसानले खेतीपाती नै गर्न नसक्ने अवस्थामा पुगेकाले समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए।

राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको बूढीगण्डकी जलविद्युत् आयोजनाको प्रभावकारी काम हुन नसकेको भन्दै पछिल्लो अवस्थाबारे जानकारी दिन सभाध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराए। सांसद मायाप्रसाद शर्माले समग्र कर्णाली प्रदेशको आर्थिक विकास र समृद्धिका लागि ठूलो लगानी आवश्यक रहेको बताए। प्राकृतिक स्रोत र साधनको समुचित प्रयोग गरी आर्थिक रुपमा पछाडि परेको कर्णाली प्रदेशलाई थप सबल बनाउनुपर्ने उल्लेख गरे।

# न्यायाधीश पहिलो अनुसन्धानकर्ता होः महान्यायाधिवक्ता

**टुडे समाचारदाता**

चितवन। महान्यायाधिवक्ता डा दिनमणि पोखरेलले जुनसुकै मुद्दाको पनि न्यायाधीश पहिलो अनुसन्धानकर्ता भएको बताएका छन्। चितवन जिल्ला अदालत बार एसोसिएसनले स्वर्ण महोत्सवका अवसरमा शुक्रबार आयोजना गरेको 'न्याय सम्पादन प्रक्रियामा अनुसन्धानकर्ता, अभियोजनकर्ता, प्रतिरक्षा कानुन व्यवसायी र सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रममा उहाँले अनुसन्धानकर्ताबाट त्रुटि भए सबै प्रक्रियामा नै त्रुटि हुने बताए।

महान्यायाधिवक्ता डा पोखरेलले भने, "अनुसन्धानमा त्रुटि भए अभियोजन र निर्णयमा पनि त्रुटि हुन्छ। जसका कारण पहिलो न्यायाधीश भनेको नै अनुसन्धानकर्ता हो। तसर्थ त्रुटिरहित तरिकाले अनुसन्धानलाई अघि बढाउनु अनुसन्धानकर्ताको पहिलो दायित्व हो।" अनुसन्धानकर्ताले पहिलेदेखि नै सही तवरले अनुसन्धानलाई अघि बढाउन जरुरी रहेको उनको भनाइ छ।

अनुसन्धानका क्रममा देखिने त्रुटि अन्त्य गर्नका लागि समिति बनाएर अध्ययन सुरु गरिएको बताउँदै महान्यायाधिवक्ता डा पोखरेलले सहन्यायाधिवक्ताको नेतृत्वमा अहिले काम भइरहेको जानकारी दिए। वर्तमान कानुन र सर्वमान्य प्रणालीलाई टेकेर काम गर्न सके न्याय दिन सहज र सरल हुने उनको भनाइ छ। उनले थपे, "हतार र आवेशमा निर्णय गर्नु हुँदैन।"अर्धन्यायिक निकायहरुले समेत न्याय दिने क्रममा घटनाको गाम्भीर्यता र प्रकृति हेरेर काम गर्नुपर्ने पोखरेलले बताए। न्याय दिने काम महत्वपूर्ण रहेको भन्दै उनले न्याय सरल नभएको बताए।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : नयाँ कार्य हुने। |
| मिथून | : बौद्धिक क्षमता। |
| कर्कट | : प्रतिभा सम्पन्नता। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : पारिवाहिक सुख। |
| तुला | : धन वृद्धि सञ्चय। |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख। |
| धनु | : सुख समृद्धि हुने। |
| मकर | : भ्रमण अवसर हुने। |
| कुम्भ | : अवसर प्राप्त। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# लेखापढी व्यवसायी पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सरकारी लिखत किर्ते गरी संगठित रुपमा ठगी गरेको मुद्दाका फरार आरोपी मध्येका एक जना शुक्रवार पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी ३६ वर्षीय शंकर प्रसाद यादव छन् । उनी राजविराज ७ स्थित भूमिसुधार तथा मालपोत कार्यालयका लेखापढी व्यवसायी छन ।

प्रहरीको फरार सूचीमा रहेका उनलाई गोप्य सूचनाका आधारमा बजार क्षेत्रबाट पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए । उनलाई शुक्रवार नै सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएको उनले बताए ।

गत माघ २७ गते राजविराज स्थित एनआइसी एशिया बैंकमा सरकारी कागजात किर्ते गरी बनाइएको फर्जी जग्गाधनी र सोही आधारमा २ करोड ८० लाख ऋण स्विकृत गराइ २ करोड ३० लाख रुपैयाँ बैंकबाट झिकि ठगी गरेको आरोपमा प्रहरीले बैंकका प्रबन्धक संतोष यादवसहित १० जनाबिरुद्ध सरकारी लिखत किर्ते गरी संगठित रुपमा ठगी गरेको आरोपमा मुद्दा चलाएको थियो ।

मुद्दा दर्ता गरी पक्राउ पूर्जी जारी भएसंगै उनीहरु फरार भएका थिए । सो प्रकरणमा मुछिएका बैंकका प्रबन्धक यादव, भूमिसुधार तथा मालपोत कार्यालयका कम्प्युटर अपरेटर दीपक शर्मा र व्यवसायी मो.समसाद मंसिर १० गते नै प्रहरीमा उपस्थित भएका थिए ।

अदातलको आदेशमा हाल उनीहरुलाई पुर्पक्षका लागि राजविराज कारागारमा छन् । उक्त अपराधमा संलग्न अन्य फरार आरोपीको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

# मुद्दा छिट्टो टुङ्गियाउन सर्वोच्चलाई सांसद यादवको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा)का प्रमुख सचेतक प्रदीप यादवले वीरगञ्जको नारायणी अस्पतालको मुद्दा छिटो टुङ्गियाउन सर्वोच्च अदालतलाई आग्रह गरेका छन् ।



प्रतिनिधिसभाको शुक्रबार बसेको बैठकमा बोल्दै सांसद यादवले वर्षौसम्म मुद्दाको छिनोफानो नहुँदा अस्पतालको संरचना निर्माण प्रक्रिया अगाडि बढ्न नसकेको र अस्पतालमा भौतिक संरचनाको अभावले सेवाग्राही र विरामीले दुःख पाइरहेको बताए ।

नारायणीलाई पाँच सय शैय्याको अस्पताल बनाउने लक्ष्यअनुसार सरकारले अस्पताल निर्माणको लागि करिब डेढ अर्बको लागतमा पछिल्लोपटक ८ वैशाख ०७६ मा बोलपत्र आह्वान गरेको जानकारी गराउँदै सांसद यादवले सहरी विकास तथा भवन निर्माण विभागले केही कागजात र भौचरको नाम फरक भएको कारण ठेक्का रद्द गरेको र अर्को बोलपत्र आह्वान भएको उल्लेख गरे । 'त्यसविरुद्ध ठेकेदार कम्पनीले उच्च अदालतमा रिट दायर गर्यो । अदालतले १७ कात्तिक ०७७ मा दोस्रो बोलपत्र रद्द गर्यो । यो आदेशविरुद्ध २ पुस ०७७ मा भवन निर्माण विभागले सर्वोच्च अदालतमा निवेदन दर्ता गर्यो र अहिलेसम्म विचाराधीन छ । पेशीमा चढ्छ, सुनुवाइ हुँदैन, फैसला पनि हुँदैन,' उनले भने ।

अस्पतालको भौतिक संरचना निर्माणको विषयमा विभाग र ठेकेदारको लडाइँले नारायणी अस्पतालको पाँच सय शैय्याको अस्पतालको निर्माण ओझेलमा परेको र जनताले दुख भोगिरहेको उनको भनाइ थियो । 'त्यसकारण तत्काल मुद्दाको छिनोफानो गरेर निकास दिन सर्वोच्च अदालतको ध्यानाकर्षण गराउँदछु,' उनले भने ।

सांसद यादवले विकासे मुलुकको दादागिरीले नेपालभर जलवायु परिवर्तनको असर देखा परेको र उच्च पहाडी र हिमाली क्षेत्रमा हिमाल पग्लेको छ भने मधेशका जिल्लामा पानीको मुहान सुकिरहेको उल्लेख गरे । हालै कोप २८ मा भाग लिँदा नेपाल सरकारले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता जनाएको पनि त्यसअनुरुप सरकारले तीव्र गतिमा काम नगर्दा यो अवस्था सिर्जना भएको उनको भनाइ थियो ।

'मधेशका जिल्लामा पानीको मुहान सुकिरहेको छ । वीरगञ्जमामात्रै अधिकांश चापाकल सुक्ने क्रममा रहेको छ । गर्मीको दिन आइसकेकाले अबका केही दिनमा वीरगञ्जका सबै चापाकल सुक्छ जानकारले बताइरहेका छन् । सबै चापाकलको पानि सुक्यो भने वीरगञ्जमा पानीको अभावले विकराल अवस्था आउँछ,' उनले भने ।

कुनै बेला सय फिटमा पानी आउने मधेश प्रदेशमा अहिले ३ सयको लेयरमा पनि पानी नभेटिएको भन्दै सांसद यादवले सरकारी धारा जडानका लागि खानेपानी संस्थानमा सेवाग्राहीको भीड भइरहेको बताए । 'जनशक्ति र बजेटको अभावमा खानेपानी संस्थानलाई धेरै समस्या भएको छ,' उनले भने, 'वीरगञ्जमा खानेपानीको अभाव अन्त्य गर्नको लागि नेपाल सरकारको एक्सन प्लान के छ ?'

# पसल जलाइएको भन्दै पीडितद्वारा प्रहरीमा उजुरी

**टुडे समाचारदाता**

राजविराज । जन्तीको वासको लागि मागेको कोठा प्रयोग गर्न नदिएको निहुँमा छिमेकीले आफ्नो पसल नै जलाइदिएको एक पीडित परिवारले गुनासो गरेका छन् ।



सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी महेन्द्र साह र उनका परिवारजनले यस्तो गुनासो गरेका छन् । न्याय खोज्दै शुक्रवार सदरमुकाम राजविराज आइपुगेका साह परिवारले आफूहरुलाई उठीबास नै गराउनेगरी गरिएको आगजनी घटनाको सूक्ष्म अनुसन्धान गरी दोषीलाई कडा कारवाही गराउन पहलका लागि अधिकारकर्मी र संचारकर्मीसँग आग्रह गरेका छन् । पीडित परिवारले शुक्रवार नै जिल्ला प्रहरी कार्यालय सप्तरीमा उक्त आगजनी घटनामा संलग्न रहेका दावीकासाथ सोही वडा निवासी राकेश साह लगायत विभिन्न व्यक्तिविरुद्ध किटानी जाहेरी समेत दिएका छन् ।

पीडित महेन्द्र साहद्वारा दिइएको जाहेरीमा जन्तीको वासको लागि मागेको कोठा नदिएको निहुँमा छिमेकी २५ वर्षीय दीपु भन्ने राकेशको अगुवाईमा फागुन २८ गते सोमवार मध्यराति तोडफोड र पसलमा आगजनी गरी लाखौंको सम्पति नष्ट गरिएको उल्लेख छ । उनले उक्त घटना पछि राकेश गाउँबाट फरार रहेको समेत जनाएका छन् । पीडित साहका अनुसार राकेशले आफ्नो बहिनीको विवाहमा फागुन २२ गते आउने जन्तीको बासका लागि २ वटा सटर भएको कोठा माग गरेका थिए । तर फागुन २३ गते आफ्नो जेठो छोरा सन्तोषको पनि विहे तय गरिएकाले कोठा दिन नसकिने बताएपछि राकेश आक्रोशित भएर फर्किएको महेन्द्रले सुनाए । सोही निहुँमा फागुन २५ गते राति रक्सीले मातेर आएका राकेशले प्रिती भोजमा आउने पाहुनाहरुका लागि सजाएर राखिएको दर्जनौं टेबुल र कुर्सी तोडफोड गरी धम्क्याउँदै फर्केको महेन्द्रले सुनाए ।

सो घटनाको भोली पल्ट फागनु २६ गते ज्वाइको निधन भएको खबर आएपछि आफूहरु स-परिवार भारतको झन्झारपुर पुगी फागुन २७ गते घर फर्कि आएको र सुतिरहेका बेला मध्यराति पेट्रोल छर्की आगो लगाइएको उनले प्रहरीमा दिएको जाहेरीमा उल्लेख गरेका छन् ।उनले आगलागीबाट आफ्नो मदिरा पसलमा रहेको ५५ हजार ३ सय ६० नगदका साथै फर्निचर, मदिरा, चिसो पेयपदार्थ, भाडावर्तन र भवन सबै जलेर नष्ट भई १२ लाखभन्दा बढीको क्षति भएको जाहेरीमा उल्लेख गर्दै दोषीलाई अविलम्ब पक्राउ गरी क्षतिपूर्ति र कडा कारवाहीको माग गरेका छन् । यसबारे राकेशसँग सम्पर्कको प्रयास गर्दा उनले बोकेको ९८२४७१०१६१ नम्बरको मोवाइल लगातार स्वीच अफ देखाएको छ ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डीराज न्यौपानेले घटनास्थलको प्रकृति हेर्दा प्रारम्भिक चरणमा आगजनीनै भएको देखिए पनि यसबारे सूक्ष्म अनुसन्धान भइरहेको र अनुसन्धान सकिएपछि सत्य तथ्य सार्वजनिक गर्ने जनाएका छन् ।

# आईएमई सञ्चालकमाथि गोली प्रहार, तीन जना पक्राउ





**टुडे समाचारदाता**

गौर । रौतहटमा आईएमई सञ्चालकमाथि गोली प्रहार भएको छ । रौतहटको परोहा नगरपालिका ९ मा आईएमई सञ्चालन गर्दै आएका २४ वर्षीय नितेश साहमाथि गोली प्रहार भएको छ । गम्भीर घाइतेको साहको वीरगञ्जमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक (डिएसपी) एलिजा गिरीले जानकारी दिइन् ।

साहमाथि गोली प्रहार गरेर भाग्दै गर्दा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट रामपुरखापबाट खटिएको टोलीले तीन जनालाई फक्राउ गरेको छ । डिएसपी शैलेन्द्र थापाका अनुसार घटनामा संलग्न तीन जनालाई मोटरसाइकलमा भाग्दै गरेको अवस्थामा नियन्त्रणमा लिएको छ ।

प्रहरीले उनीहरुको साथबाट एक नाल कटुवा पेस्तोल बरामद गरेको छ । उनीहरु शुक्रबार दिउँसो २ बजे इशनाथ नगरपालिका ७ घिउरा बाँसबारीबाट पक्राउ गरिएको थियो । सशस्त्र प्रहरी र प्रहरी चौकी जयनगरबाट खटिएको टोलीले घटनामा संलग्न भारत बिहार मोतिहारी जिल्ला घर भएका मुनिसकुमार यादव, राजन पासवानसहित तीन जनालाई नियन्त्रणमा लिएको छ । उनीहरुमाथि थप अनुसन्धान भइरहेको डिएसपी थापाले जानकारी दिइन् ।

# सम्वाद समुहको हेल्प डेस्कमा मन्त्री साहको निरिक्षण



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशकी युवा तथा खेलकुद मन्त्री सुरिता साहले मिथिला विहारी परिक्रमामा नेपाल भारत खुला सीमा सम्वाद समुहले संचालन गर्दै आएको हेल्प डेस्कको निरिक्षण गरेकी छन् ।

शुक्रबार मडे स्थित हेल्प डेस्कमा पुगी निरिक्षण गर्दै मन्त्री साहले संस्थाको कार्यप्रति प्रसन्नता व्यक्त गरेकी छन् । उनले परिक्रमा यात्रुलाई हेल्प डेस्कको माध्यमबाट औषधी वितरण गर्दै संस्थाले गर्दै आएको कार्य समाजसेवाको अनुपम नमुना रहेको बताउदै हर्ष व्यक्त गरेकी थिईन् । उनले आगामी दिनमा यस्तै समाजसेवाका लागि अग्रसर रहन आग्रह गर्दै मन्त्री साहले यस कार्यमा आफनो सदैब सहयोग रहने बताईन् ।

नेपाल भारत खुला सीमा सम्वाद समुहका अध्यक्ष राजीव झाले परिक्रमा यात्रुलाई औषधी सहयोगका लागि संस्थाले हरेक वर्ष सहकार्य गर्दै आएको र सम्वन्धित निकायबाट सहयोग पाए परिक्रमा यात्रुलाई क्लिनिक जस्तै सेवा दिने प्रतिवद्धता जनाए ।

संस्थाले हनुमान नगर पडाब स्थलबाट नै हेल्ड डेस्क संचालन गर्दै आएका छन भने हेल्प डेस्क परिक्रममाको हरेक पडाव स्थालमा जारी रहने अध्यक्ष झाले जानकारि दिए ।

मडै स्थित हेल्प डेस्कमा क्लोथ बैंक नेपालका कार्यालय सचिव कृष्ण कुमार साह र नेपाल भारत खुला सीमा सम्वाद समुहका प्रदेश सहसंयोजक दिपक यादवले सहकार्य गरेका थिए भने संस्थाका उपाध्यक्ष शैलेन्द्र झा,प्रवक्ता प्रमोद कुमार साह,क्लोथ बैंकका सचिव पुरन साह,संस्थाका जिल्ला अध्यक्ष मनोज साह,अवकाश प्राप्त कर्मचारी नन्द कुमार झा लगायतका व्यक्तिहरुले हेल्प डेस्क पुगेर सहयोग गरेका थिए ।

# सुन तस्करीमा संलग्नलाई कानुनी दायरामा ल्याउन सांसदको माग

**टुडे समाचारदाता**

काठमाण्डु । सांसदहरुले सुन तस्करीमा संलग्नलाई कानुनी कारबाही गर्न, सहकारीपीडितको समस्या समाधान गर्न, वैदेशिक रोजगारीमा जानेलाई निःशूल्क तालिमको व्यवस्था गर्नेलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको शुक्रबारको बेठकको विशेष समयमा बोल्दै उनीहरुले सुन तस्करी, सहकारी ठगीलगायत गतिविधिलाई नियन्त्रण गर्दै सुशासन प्रवर्द्धनमा सरकार अग्रसर हुनुपर्ने माग गरे । सांसद राजेन्द्रकुमार केसीले सहकारीपीडितका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराए । उनले सुन तस्करीका आरोपितलाई कानुनी दायरामा ल्याउनुपर्नेमा जोड दिए । सांसद सञ्जयकुमार गौतमले सुन तस्करीका आरोपितलाई कारबाही गर्न सरकार समक्ष माग गरे ।

सांसद सूर्यबहादुर थापा क्षेत्रीले सुनको अबैध पैठारी तस्कर ीसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन अविलम्ब सार्वजनिक गरी कार्यान्वयन गर्न सरकार समक्ष माग गरे । सांसद रामप्रकाश चौधरीले सुन तस्करी प्रकरणमा मुछिएका सबैलाई कानुनी दायरामा ल्याइनुपर्ने बताए । सांसद प्रेम सुवालले सुन तस्करीमा संलग्नलाई शीघ्र कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन बिहीबार उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामेछानेलाई बुझाएको थियो । उक्त प्रतिवेदन उपप्रधानमन्त्री लामिछानेले शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई बुझाएका थिए ।

सांसद भीमप्रसाद आचार्यले वैदेशिक रोजगारीमा जाने कामदारलाई निःशुल्क विषयगत तालिमको व्यवस्था गर्न माग गर्नुपर्ने बताएका छन । उनले कम्तीमा छ महिना तालिम नलिएका कामदारलाई वैदेशिक रोजगारीमा जान नपाउने व्यवस्था गरिनुपर्ने धारणा राखे । सांसद आचार्यले रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन सङ्घीय सरकारले प्रत्येक पालिकामा त्यस्ता कामदारलाई लक्षित गरी निःशूल्क विषयगत तालिमको व्यवस्था गर्नुपर्ने खाँचो औंल्याए ।

सांसद पूर्णबहादुर घर्तीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न सबै राजनीतिक दलहरुले सहमति र सहकार्यका साथ अघि बढ्नुपर्नेमा जोड दिए । सांसद निशा डाँगीले बढ्दो सवारी दुर्घटना न्यूनीकरणका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए । सांसद बुद्धिमान तामाङले राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षणलाई व्यवस्थित गरिनुपर्ने बताए । सांसद प्रदीप यादवले जलवायु परिवर्तनको असर नेपालभर परिरहेको तथा वायुमण्डल, जमिन, पानी र वन्यजन्तुमा परिरहेको भन्दै यसको जोखिम न्यूनीकरण गर्न सबै सक्रिय भएर लाग्नुपर्ने बताए । उनले ठूला देशले गरेको तीव्र औद्योगिकीकरणका कारण विश्वको तापमान वृद्धि भई नेपालजस्ता मुलुकलाई बढी असर परेको उल्लेख गरे ।

सांसद शेरबहादुर कुँवरले दुरदराजका जनताले प्राथमिक स्वास्थ्य उपचार नपाएर अकालमा ज्यान गुगाइरहेको भन्दै नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवाको सुनिश्चिता गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गरे । सांसद सीताकुमारी रानाले सहकारीपीडितलाई न्याय दिन सरकारले गम्भीर पहल गर्नुपर्ने माग गरे । सांसद सूर्यकुमारी श्रेष्ठले वैदेशिक रोजगारीका क्रममा नेपाली नागरिकले भोग्नुपरेका पीडा मर्कालाई ध्यान दिएर तत्सम्बन्धी कानुनलाई समयसापेक्ष बनाउन माग गरे । सांसद मैना कार्कीले गठबन्धन सरकारले सुशासनसहितको आर्थिक विकास र समृद्धिका लागि प्रभावकारी काम गर्नुपर्ने खाँचो औंल्याए ।

सभामुखको आसनमा रहनुभएका उपसभामुख इन्दिरा राना मगरले प्रतिनिधिसभा नियमावलीको नियम २० खण्ड (य) मा बैठकको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धितबाहेक अन्य विषयको पुस्तक, समाचार पत्र वा अन्य कागजपत्र पढ्न नहुने भनी बैठकमा पालना गर्नुपर्ने नियमको व्यवस्था भएकोबारे सांसदहरुको ध्यानाकर्षण गराएका थिए ।

**सरोकारवाला सबैमा सुचना !!!**

चुरे उत्थानशिल आयोजना, प्रदेश आयोजना व्यवस्थापन, ईकाइ मधेश प्रदेश, बर्दीबासको आ.व. २०८०।०८१ को स्विकृत वार्षिक कार्यक्रममा यस आयोजनाको कार्यक्षेत्र सप्तरी, सिरहा, धनुषा, महोत्तरी र सर्लाही जिल्ला अन्तर्गत रहेका (खाँडो, बिहुल, बलान, बताहा, कमला-बेलसोत-जोगीया, चारनाथ, रातु र लखन्देही) नदी प्रणालीमा कृषि वन नर्सरी सञ्चालन गरिरहेका इच्छुक कृषक/ किसानहरूले कृषि वन नर्सरी क्षमता अभिवृद्धि तालिममा सहभागिताको लागि यस ईकाइ कार्यालयमा मिति २०८०।१२।०९ गते भित्र सम्पर्क हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्क नं. ९७४४२०७८८५**

**चुरे उत्थानशिल आयोजना**
**बर्दीबास, महोत्तरी**
**आयोजना संयोजक**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## "हिन्दु मुस्लिम भाई भाई"

नाई गिताले उपहास दिन्छ,नाई कुरानले अपमान
नाई हिन्दु दोसी छ। नाई मुसलमान
नाई खुदा गलत छ। नाई भगवान
हामी सबै भाई भाई
तिमी मेरो बाटो मस्जिदमा हेर्नू
म तिम्रो लागि मन्दिरमा पर्खिन्छु।
तिमी मेरो लागि नमाज पढ्नु
म तिम्रो लागि मन्दिरमा प्रथना गरीदिन्छु।
तिमी मेरो लागि मस्जिदमा चादर चढाउनु
म तिम्रो लागि मन्दिरमा नरीवल चढाउछु।
तिमी मेरो आमालाई अब्बु भन्नु
म तिम्रो अब्बुलाई माँ भनिदिन्छु
तिमी यो अनोल नाताको ख्याल राखनु
म तिमिलाइ मायाले सम्हालछु।



लेखक : करन मण्डल ( शिवदेव)
ठेगाना : धनुषा जिल्लाको हंसपुर न.पा. टोल मोरहा

## ।। आमा लाई सुख दिन सकेन ।।

हो आमा हजुर लाई सुख दिन सकेन
दैव्यको लिला भनौं कि भाग्यको खेल
जब देखि विदेश प्लान भए तब देखि
हजुर संग बस्ने टाइम भेटिएन
किनकी
आफ्नो देश मा शान्ति सुरक्षा र बेरोजगार
को अभाव ले हामी जस्तो हजारौंलाखौं
छोराहरू आमा, बुवा घर परिवार संग
विछोड हुन बाध्य भएका छन
हामी विदेश मा बस्नेहरू तपाईहरूकै याद
मा दिन रात नै तर्पिन्छौं , हामी बस्छौं ठुलो
बिल्डिंगमा जसमा एसी हुन्छ, तर ह्म्रो घरको
झ्याल जस्तो हावा हुदैन
खाना मसिनो चामल खान्छौं हप्ता मा
पाँच दिन मासु भात तर
हाम्रो बारी को आलु तपाईले पकाको जस्तो
स्वाद हुदैन पानी मिनलर
वाटर पिउ छौं तर हाम्रो कुवा र
धारा जस्तो पानी कहाँ
घुमन जादा लाखों लाखको गाड़ी मा जान्छौं
तर हाम्रो साइकिल को जस्तो आनंद कहाँ
हो आमा हजुर लाई सुख दिन सकेन
दैव्यको लिला भनौं कि भाग्यको खेल



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार, दोहा कतार

## ।। विधिविधान ।।

एउटा माकुरा, छानोमा बुन्दैथ्यो जाल।
कलाकारिता उसको अद्भभूत कमाल ।।
अलौकिक सुन्दर दृश्यमा अड्यो नयन।
माकुराको कलाकारितालाई गर्दै नमन ।।
मैले सोचेँ, होला माकुरा धेरै भोकाएको।
त्यसैले त सिकार निम्त जाल बनाएको ।।
हेर्दा हेर्दै उडेर फसि भिँगा बन्यो सिकार।
आखिर भोकाएको माकुरा पायो आहार ।।
हेर्दा करुणदृश्य मेरो मनमा आयो विचार।
दुविधाबाट भिँगालाई गरिदिउँ म उद्धार ।।
मनले भन्यो आहार खोस्नु पाप अहमता।
मैले भनेँ जीवको प्राण बचाउनु मानवता ।।
त्यो द्रवित परिस्थितिको मनमा पर्यो छाप।
मेरो आत्मनयन रोइकराइ गर्यो पश्चाताप ।।
सोच्दैसोच्दै आयो क्षुब्ध मतिमा सत्यज्ञान।
अन्ततः बुझेँ मैले, ईश्वरको विधिविधान ।।



लेखकः- राम 'रुद्राक्ष' मण्डल
ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल।

## "म नेपाल फर्किन्छु बुवा"

थाहा छ बुवा मलाई।
मैले नी बुझेको छु तपाईलाई।
तपाईले बोकेको ऋणको भारलाई।
तर खै म कसरी भनुँ
म नेपाल फर्किन्छु बुवा।
दिनभरको काम
अनि बासी माम।
म कसरी खान सक्छु बुवा।
कति रात त भोकै बसेको छु।
आफ्नो सिरानी आँसुले धोएको छु।
तपाईले गरेको गाली।
भाइले जिस्काउदै मारेको ताली।
दिदिले मम्मा देख्ने क्षमता।
अनि आमाको मिठो ममता।
सधैं याद आउँछ बुवा।
एउटा कुण्ठा बस्छ मनमा।
ऋण भन्दा नी भारी भको यो तनमा।
बिरामी नी भन्न पाइन्न।
औषधि नी चाहिन्न।
आँसुको मलमले कति निको पार्नु घाउ।
दुःख सुख आफ्नै ठाउँमा बाँचौला।
मिठो मसिनो भए नी खाउँला।
बिरानो देशको मित्रता भन्दा।
आफ्नै देश को शत्रुता प्यारो।
त्यसैले म नेपाल फर्किन्छु बुवा।



सँजय कुमार यादव(सँजु)
Rajarshee जनक क्याम्पस (BBS)
ठेगानाः मुखियापट्टी मुसहर्निया गा.पा.-५ (नवटोली)

## ।। होली ।।

रङ्ग रङ्गैको हुनेछ मर्म।
जब आउँछ होलीको पर्व।
रङ्गमै डुब्ने छ सारा सर्म ।।
साथिदाजु भाइ मिली।
पर्व मनाउने हो सब जना हिली हिली।
खाने रमाउने हो दिनभरी ।।
रङ्गमै घुल्ने हो सारा संसार।
जब आउँछ होलीको त्योहार ।।
रङ्ग लगाउने हो थरी थरीका।
रातो गुलाब पहैंलो परीका।
आनन्द आउँछ संसार भरिका ।।
रङ्गमै घुल्ने हो सारा संसार
जब आउँछ होलीको त्योहार ।।



लेखक :- अनित कुमार मण्डल
जनकपुर लोहना - १५

## ।। गजल ।।

देखलियौ हात पसारिकऽ भीख मडैत टिक्टोकमें
लड़का'कैं पसेना बहए आर लड़की बिकैछै नोटमें
एक बनल करोड़पति आ दोसर धएलक भूईँया ग'र
सुइयाँ गोंटी, कबुलापाती, कबुलए छप्पन क्रोटमें
भोग बैमन्मा भोग ई बिपत्ति जैसन कर्नी ओइसन भर्नी
केश पक्लौ, नएन घट्लौ आर धन बँट्लौ पलोटमें
कम्याल-खट्याल किछ शेष यौवनकैं भेल अमानत ओकरे लग
आब तोकै'छे दाम अइ देहक, नै बिक्बे तों मोटमें
बाट चलैछी, लुल्ह नाङरसभ कानैयऽ कटोरा ने'ने
कह्बैकासभ पैसा उड़बए, बीएर-बार आउर घोंटमें
कि लिखू हम गाढ़ि सूनिकऽ जुग-जमाना अहिने छए
रे, जकरे लाठी तकरे भैंसी, जयैछी हरिदम चोटमें



विरेन्द्र कुमार सिंह (कुशवाहा)
सिरहा अर्नमा गाउँपालिका-३
दोहा कतार

## "दलितक पीडा"

बहैय हमरा आँखिसँ नोर !!
कहिया हएतै स्नेहक भोर !!

मनक पीडा कहलो नैंइ जाइय, मुदा कि कहु !!
नैंइ चलैए हमर छुअल पानी, मुदा चलैए लहु !!

हम अछोप कहबै छी , एहि पापी संसारमे !!
हम पाछु पडल छी, अनेक हक अधिकारमे !!

शोषक वर्ग घुसक महल बनाक, चढैए कारमे !!
हम डुबिरहल छी अन्याय, अत्याचारक धारमे !!

बुझैय हमरासभके बेड इनारके !!
कहिया बरसतै मेघ अधिकारके !!

हमरा सबहक‌ऽ बुझैए घुरक‌ऽ निङहेस !!
जाग हो कत‌ऽ सुतल छह सुरमा सलहेस !!

बहैय हमरा आँखिसँ नोर !!
कहिया हएतै स्नेहक भोर !!



लेखक : फूलगेन महरा (Fulgen Raj Mahithil)
ठेगाना : सिरहा नगरपालिका वार्ड नं. ७ (राज महिसोथा)
(सु.स.मो.या.बहुमुखी क्याम्पस सिरहा)

## ।। जनकपुर ।।

पावन धाम यौ मिथिला नगरी छै पावन धाम यौ
सब दुख कलेश हरण भजाएत यौ इ छै जनकपुर धाम यौ
मठ मन्दिर स शुसोभित इ छै पावन धाम यौ
जगमे जानकि दरबार इ छै जनकपुर धाम यौ
टुटली मरैया वालि सब आराम स रहइ छै
इ पावन धाममे यौ
महल वाला सब सेवा मे समर्पित छै
इ छै पावन जनकपुर धाम यौ
पवनि त्यौहार मे समर्पित
इ छै मिथिला धाम यौ
मिथिला माध्यमिक परिक्रमा करैछै भारत नेपालके लोकैन
इ छै पावन तिर्थस्थल यौ
सुख दुखमे जौरे रहबाक उदाहरण छै
इ मिथिला नगरी यौ
सेवा भाव स समर्पित छै इ जनकपुर धाम यौ
कल कारखाना स लाभववित छै मजदुर यौ
इ जनकपुर अव्वल यौ
देश विदेश स पर्यटक अबै छै इ जनकपुर धाममे यौ
शिक्षा स्वास्थ्य आ धार्मिक प्रतिष्ठानके जगेर्ना छै
इ जनकपुर धाम यौ
रविदासीया आ कविर साहेब सब छै
इ मिथिला नगरी मे यौ
मधेश क राजधानी छै जनकपुर धाम यौ
लोटा ल क आबै छै कोठा बनालै छै
इ छै जनकपुर धाम यौ
माया प्रेम आ सहयोगी भावना मे छै
इ जनकपुर राज्य यौ



प्रमोद राम
जनकपुर धाम ९

## ।। देहव्यापार ।।

रहरले होइन होला!
उ वेश्यावृत्ति मा लागेको
रहरले होइन होला
आफनो सामाज लाइ त्यागेको
बाध्यता होला उसको पनि
खै किन होला उसको नाउ वेश्या हालेको
रहरले होइन होला
उ वेश्यावृत्ति मा लागेको
घर धान न गाह्रो भा छ
सामाज लाई सम्झाउन गाह्रो भा छ
बुझदैनन कसैले उसको पिडा
खै सामाज पनि कति सारोह भा छ
सधै अरु लाई खुसी दिने
आफु किन खुसी हुदैनन्
हरु लाई सम्झाउने सामाज
आफु किन यो कुरा बुझदेनन
उसको पिडा कसले बुझ्छ
सोचयो भने मन नै रुन छ
कसले सम्झाउनु समाज लाई
ओह! उसको सँग त समाज नै सुत छ



लेखकः सुशान्त अभिषेक
ठेगानाःजनकपुर धाम-४ धनुषा,नेपाल

## जीवन र परिधि

जन्मिदा अन्धयारो थियो कंहि त उज्यालो होला भन्दैअगाडि बढे धेरै नै ठाउँमा लडे थोरै नि ठाउँमा बिस्तारै बिस्तारै अघि सरे जीवन घडी जति जतिअघि बढ्दै गयो आफ्नै मान्छे उति उति टाढिदै गयो लिएर आयो बेला अवसर र जिम्मेदारी भयो जिन्दगी धोवीको गधाको सवारी मौसमले पनि छोडेन देखाउन रुप आफ्नो हजार एक दिन वर्षा, एक दिन हुरी भयो एक दिन उजाड तिम्रोमा म हुँ, मेरोमा तिमी सत्य हो यो पहिचान र छाप कहिले ग्रहण त कहिले कम्मपन लौ मनुष्य मलाई नाप चुनौतीमा - चुनौती यो मनुष्य तन के दान्जौ र के गरौं मोल खहरे खोला, त्यो सगर, हिमाल -जंगल र यो विशाल भूगोल मानव पनि कम छैन के पाखुरामा दम छैन भुलभुलैया बाटो यहाँ छ, र ठुल-ठूला जाल पाइला पाइलामा लाग्छ धागोरुपी जीवन गाँठो मुस्किलमै कट्छ यहाँ समय बेरा र हाल जन्मिदा अन्धयारो थियो कंहि त उज्यालो होला ।।



कृष्णा कुमार साह
ठेगाना - हंसपुर नगरपालिका-३ मझौरा

# ओभरसिज बजारमा

काठमाण्डु। ग्याङ्गस्टर कथामा निर्माण भएको फिल्म 'रङ्गेली'को नेपाल प्रतिक्रियापछि ओभरसिज बजारमा माग बढ्न थालेको छ। प्रदर्शनअघि नै अमेरिका, क्यानडा, जापान र कोरियामा बिक्री भइसकेको फिल्मको हालै मलेशिया, दुबई, कतार, बहराइन, साउदी र ओमनमा प्रदर्शन अधिकार बिक्री भएको निर्देशक अर्जुन सुवेदीले जानकारी दिए। अरु देशबाट पनि फिल्मको माग आएको उनले बताए।


अस्ट्रेलिया, यूरोप, हङकङ, भारत लगायतका देशमा रिलिजको लागि अन्तिम तयारी भइरहेको पनि निर्देशक सुवेदीको भनाई छ। मलेशियासहित ६ वटा खाडी मुलुकमा सुरज लम्साल र एक्का बास्सा इन्टरटेन्मेन्टले रिलिज गर्दैछ। अमेरिका वितरणमा एक्काले लाइभ एट प्रिजेन्टसँग सहकार्य गरेको छ। जापान र कोरियामा उज्ज्वल गुरागाईं र यूएनए इन्टरटेन्मेन्टले फिल्मको वितरण गर्दैछ।

शिवरात्रिको अवसर पारेर शुक्रबारबाट प्रदर्शनमा आएको 'रङ्गेली'लाई दर्शकबाट अब्बल 'वर्ड अफ माउथ' मिलेको निर्माण टिमको दाबी छ। दर्शकबाट फिल्म केही लामो भएको प्रतिक्रिया प्राप्त भएपछि २१ मिनेट घटाइएको थियो। अब फिल्म साढे २ घण्टाको छ। बुधवार धेरै हलहरुमा ५० प्रतिशत छुटको अफर भएकाले फिल्ममा दर्शकको चाप उल्लेख्य रहेको वितरकले जनाएका छन्।

फिल्ममा दयाहाङ राई, मिरुना मगर, अर्पण थापा, प्रवीण खतिवडा, रमेश बुढाथोकी, रुपेश झा, सुन्दर धितालको मुख्य भूमिका छ भने क्लाइमेक्समा अभिनेता आर्यन सिग्देल भिलेन अवतारमादेखिएका छन्। उनको इन्ट्रीले दर्शकलाई 'सरप्राइज' बनाएको छ। अब यसको सिक्वेल (रङ्गेली २) मा आर्यनको भिडन्त दयाहाङसँग हुने देखिन्छ। सुसन प्रजापतिले फिल्मको छायांकन गरेका हुन्।



# केन्द्रीकृत मानसिकताले सङ्घीयता टिक्न सक्दैन : मुख्यमन्त्री पाण्डे



**टुडे समाचारदाता**

गण्डकी । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले केन्द्रीकृत मानसिकताले सङ्घीयता टिक्न नसक्ने बताएका छन् ।

१२ खरी मिडिया र गण्डकी प्रदेश नीति तथा योजना आयोगद्वारा शुक्रबार पोखरामा संयुक्त रुपमा आयोजित सम्पादक/वरिष्ठ पत्रकारसँगको अन्तरक्रियामा उनले सङ्घीय व्यवस्था आएपनि केन्द्रीकृत मानसिकता अझै हट्न नसकेको बताए । आफू मुख्यमन्त्री भएपछि पोखरामा सातवटै प्रदेशका मुख्यमन्त्रीको भेलाका साथै राष्ट्रिय परिषद्को भेला समेत भएको बताउँदै उनले उक्त क्रममा सङ्घीयतालाई बलियो बनाउन प्रधानमन्त्रीसँग विभिन्न प्रस्ताव गरिएको बताए ।

राजनीतिक नेतृत्व सत्ताका लागि मात्रै लागेको भन्ने जनताको बुझाइ रहेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले हाम्रा गतिविधिले नै व्यवस्थाका विरुद्धमा लाग्नेका लागि मलजल पुगेको बताए । राजनीतिक अस्थिरता हामीले नै निम्त्याएको बताउँदै उनले हाम्रै गतिविधिले राजनीतिलाई विकृत बनाइरहेको उल्लेख गरे ।

गण्डकी प्रदेश दोस्रो पञ्चवर्षीय योजना तयार गर्ने क्रममा लागि रहेको उनले जानकारी दिए । गण्डकी प्रदेशका ८५ पालिकामध्ये मनाङको नार्पाभूमि बाहेक सबैमा बाटो पुगेको बताउँदै मुख्यमन्त्री पाण्डेले पछिल्ला समयमा बाटो, पानी लगायतका सुविधाहरू पुगेपछि वस्तीहरू उजाड बन्दै गएको बताए । जग्गाजमिन बाँझो र स्थानान्तरण उच्च गतिमा रहेको उल्लेख गर्दै उनले यसलाई रोक्नु अहिलेको चुनौती रहेको धारणा राखे । गाउँघरमा नै आर्थिक गतिविधि बढाउन सक्नुका साथै रोजगारी सृजना गर्न सकेमा स्थानान्तरण रोक्न सकिने उनको भनाइ छ ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा कृष्ण देवकोटाले प्रदेशमा दोस्रो पञ्चवर्षीय योजना तर्जुमाका कामहरू भइरहेको बताए । "आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी" भन्ने सोचका साथ उत्पादकत्व, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्य राख्दै प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा निर्माण गर्न लागिएको उनले जानकारी दिए ।

उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा रुपान्तरण गर्नु, विकासका पूर्वाधारको सुदृढीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी सिर्जना गर्नु, विकासका लाभको समन्यायिक वितरण सुनिश्चित गरी सामाजिक न्याय स्थापित गर्नु जस्ता उद्देश्य यस योजनामा राखिएको उनले बताए ।योजना निर्माणका लागि सम्बद्ध सबै निकाय र क्षेत्रसँग छलफल एवं अन्तरक्रिया गरिएको उनले जानकारी दिए । कार्यक्रममा विभिन्न वरिष्ठ सञ्चारकर्मीहरूले गण्डकी प्रदेशमा बन्दै गरेको दोस्रो पञ्चवर्षीय योजनाको मस्यौदा, प्रदेशको विद्यमान अवस्था लगायतमा जिज्ञाशा राखेको थिए ।

राष्ट्रिय समाचार समिति ९रासस० का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले बन्दै गरेको दोस्रो पञ्चवर्षीय योजनामा प्रदेशको प्राथमिकता के हुने रु, प्रदेश सरकारले जलस्रोतको उपयोगका लागि के गर्न सक्छ रु, रोजगारी बृद्धि गर्ने योजना के छन् आदि सम्बन्धमा जिज्ञासा राखेका थिए । बाह्रखरी मिडियाका राजेश केसीले पछिल्ला समयमा मानव-वन्यजन्तु द्वन्द्व बढिरहेको बताउँदै कृषकले लगाएको बालीको ४० प्रतिशत वन्यजन्तुबाट नोक्सानी हुने गरेको बताए । विकास न्यूजका रामकृष्ण पौडेलले शासकीय प्रणाली बलियो बनाउँदै गए पनि जनतालाई बलियो बनाउने गरी संस्थागत सुधार गर्न नसकिएको धारणा राख्नुभयो । कार्यक्रममा वरिष्ठ पत्रकार बबिता बस्नेत, आरती चटौत, पुष्प दुलाल लगायतले प्रदेशका लागि बन्दै गरेको दोस्रो पञ्चवर्षीय योजना, बढ्दो युवा पलायनको अवस्थालगायतका विषयमा विभिन्न जिज्ञासा राखेका थिए ।

# सरकार गठनमा नागरिक उन्मुक्ति निर्णायक

**टुडे समाचारदाता**

सुदूरपश्चिम । सत्ता समीकरण फेरिएसँगै सुदूरपश्चिम प्रदेशमा नयाँ गठबन्धनअनुसार सरकार गठन गर्न नागरिक उन्मुक्ति पार्टी निर्णायक देखिएको छ । सो पार्टीको साथबिना सत्तापक्ष र प्रतिपक्ष दुवैलाई बहुमत पुर्‍याउन सक्ने अवस्था नरहँदा उक्त पार्टी निर्णायक देखिएको हो ।

गठबन्धन फेरिएसँगै अल्पमतमा परेका मुख्यमन्त्री कमलबहादुर शाहलाई बहुमत कायम राख्न समस्या देखिएको छ । नयाँ गठबन्धनलाई पनि बहुमत जुटाएर सरकार गठन गर्न समस्या देखिएको छ ।

फेरिएको नयाँ गठबन्धनमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का १०, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सभामुख सहित ११ र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का चार प्रदेशसभा सदस्यले मात्र सरकार गठनमा बहुमत पुग्दैन । प्रदेशसभा नेपाली कांग्रेसका १८, नागरिक उन्मुक्तिका सात, राप्रपाका एक र एक स्वतन्त्र सदस्य हुनुहुन्छ । एक पद रिक्त छ ।

कुल ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा सरकार गठनका लागि २७ सदस्यको समर्थन चाहिन्छ । नयाँ गठबन्धनलाई बहुमत पुर्‍याउन सभामुखबाहेक थप तीन सदस्य अपुग देखिएको छ । प्रदेशसभाको यस्तो गणितमा नागरिक उन्मुक्ति निर्णायक देखिएको हो । सत्ता गठबन्धन फेरिएसँगै मुख्यमन्त्री एवं नेपाली कांग्रेस संसदीय दलका नेता शाहलाई पनि आफ्नो नेतृत्वको सरकार जोगाउन सकस छ ।

आफ्नो पक्षमा बहुमत जुटाउन मुख्यमन्त्री शाहले केही दिनयता नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभाका थप चार सदस्यलाई समेटेर दुईपटक मन्त्रिपरिषद् पुनर्गठन गरिसक्नुभएको छ । प्रदेशसभामा रहेका एक स्वतन्त्र सदस्य र राप्रपाका एक सदस्यलेसमेत मुख्यमन्त्रीलाई समर्थन गर्ने अश्वासन दिएपछि मुख्यमन्त्रीले नागरिक उन्मुक्तिका थप सदस्यलाई मन्त्री नियुक्त गरेको बताइन्छ ।

> मुख्यमन्त्रीलाई प्रदेशसभामा कांग्रेससहितका नागरिक उन्मुक्ति, राप्रपा र एक स्वतन्त्र सांसदको समर्थन रहेमा सरकार टिकाउन बहुमत पुग्छ ।

प्रदेशसभामा एमालेका प्रमुख सचेतक सुरेन्द्रबहादुर पालले केन्द्रमाफेरिएकोसमीकरणअनुसार प्रदेश तहमा पनि सरकार गठन हुने बताए ।

"पहिलो चरणमा प्रदेश सरकारको नेतृत्व माओवादी केन्द्रले गर्ने भन्ने अनौपचारिक कुरा भइरहेको छ", उनले भने, "केन्द्रमा नेताहरूबाट नागरिक उन्मुक्तिसँग कुरा भइरहेको छ, केन्द्रमा फेरिएको समीकरणका पक्षमा सो पार्टीले आफ्नो मत जाहेर गरिसकेकाले प्रदेशमा पनि उसले सहयोग गर्ने विश्वास छ ।"

मुख्यमन्त्रीलाई आफ्नो नेतृत्वको सरकार जोगाउन नागरिक उन्मुक्ति पार्टीका साथै प्रदेशसभाका स्वतन्त्र सदस्य डा तारा जोशी र राप्रपाको साथ पनि आवश्यक हुन्छ । प्रदेश तहमा नयाँ गठबन्धनको सरकार बनाउन संसद्को गणित अनुकूल नदेखिएपछि नागरिक उन्मुक्तिलाई नयाँ गठबन्धनमा ल्याउने प्रयास भइरहेको हो ।

केन्द्रमा नयाँ गठबन्धनमा उभिइसकेको नागरिक उन्मुक्ति पार्टी प्रदेश तहमा भने अहिलेसम्म नयाँ समीकरणमा गइसकेको छैन । केन्द्रमा सत्ता समीकरण फेरिएसँगै मुख्यमन्त्री शाहले माओवादी केन्द्र र एकीकृत समाजवादीका मन्त्रीलाई पदमुक्त गरेका थिए ।

मुख्यमन्त्रीलाई प्रदेशसभामा कांग्रेससहितका नागरिक उन्मुक्ति, राप्रपा र एक स्वतन्त्र सांसदको समर्थन रहेमा सरकार टिकाउन बहुमत पुग्छ । नगरिक उन्मुक्ति फेरिएको नयाँ समीकरणअनुसार गएमा नयाँ समीकरणलाई सरकार गठन सहज देखिन्छ । यद्यपि नागरिक उन्मुक्ति पार्टीभित्र देखिएको विवादसँगै सत्ता र प्रतिपक्षको प्रदेशसभाको गणित यकिन हुनसकेको छैन ।

नागरिक उन्मुक्तिको विवादपछि प्रदेशसभामा रहेका स्वतन्त्र एक सदस्य र राप्रपा एक सदस्यले पनि कुनै निर्णय गरिसकेका छैनन् । प्रदेशमा सरकार गठनका विषयमा सो पार्टीका संरक्षक रेशमलाल चौधरी र अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य रञ्जिता श्रेष्ठबीच मतभेद छ ।

सो पार्टीका संरक्षक चौधरी प्रदेश सरकारलाई समर्थन कायम राख्नुपर्ने पक्षमा र अध्यक्ष श्रेष्ठ भने केन्द्रमा बनेको नयाँ गठबन्धनमै सहभागी हुनुपर्ने अडानमा रहेको सो पार्टीका एक नेताले बताउनुभयो । संरक्षक रेशमलाल चौधरीकै सल्लाहमा मुख्यमन्त्री शाहले मन्त्रिपरिषद् पुनर्गठनमा नागरिक उन्मुक्तिका थप सदस्यलाई समावेश गराएको बताइएको छ ।

केन्द्रीय सरकारलाई समर्थन गर्ने विषयमा पनि दुई जनाबीच विवाद देखिए पनि अध्यक्ष एवं सांसद श्रेष्ठसहितले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का पक्षमा विश्वासको मत जाहेर गर्नुभएको थियो ।

अध्यक्ष रञ्जिताले प्रदेश सरकारबाट तत्काल बाहिरिन सुदूरपश्चिम प्रदेशको संसदीय दललाई निर्देशन दिएका थिए । तर प्रदेशसभामा संरक्षक पक्षधर सदस्यको बहुमत हुँदा अहिलेसम्म अध्यक्षको निर्देशन पालना भएको छैन ।

सो पार्टी संसदीय दलका नेता एवं आर्थिक मामिलामन्त्री घनश्याम चौधरीले हाल प्रदेश सरकारलाई नै समर्थन कायम राखेर जानुपर्ने मत रहेको बताए । मुख्यमन्त्रीका प्रमुख स्वकीयसचिव धिरेन्द्र शाहीले नागरिक उन्मुक्तिको साथ प्रदेश सरकारलाई यथावत रहेको बताए । उनले भने, "नागरिक उन्मुक्तिको समर्थन यथावत छ, तर पनि अहिल्यै केही भन्न सकिने अवस्था छैन ।"

# शून्य समयमा समसामयिक विषयमा ध्यानाकर्षण

**काठमाण्डु** । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा बोल्दै समसामयिक विषयमा सांसदहरुलेसरकारको ध्यानाकर्षण गराउनुभएको छ । उहाँहरुले सहकारीपीडितका समस्यादेखि विकास निर्माणका काममा ढिलाइ भइरहेकोलगायत विषयमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गर्नुभयो । प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा सांसद अजयकुमार चौरसियाले सहकारीबाट ठगिएका पीडितहरु आन्दोलनमा रहेको विषयलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद अञ्जनी श्रेष्ठले चाँडो चाँडो सरकार परिवर्तन हुँदा नागरिक तहबाट सरकार र राजनीतिक दलमाथि विश्वास घट्दै गएको धारणा राख्नुभयो । सांसद अनिशा नेपालीले बैङ्क तथा वित्तीय संस्थाले कर्जा प्रवाहमा महँगो ब्याज र चर्को सेवा शुल्क लिएको विषयमा नियामक निकायको ध्यानाकर्षण गराउनुभयो ।सांसद अब्दुल खानले सरकारी स्वास्थ्य सेवा प्रवाह कमजोर रहेको विषय उठाउनुभयो । बाँके जिल्लाको भेरी अस्पतालका स्वास्थ्यकर्मीहरु निजी क्लिनिकमा काम गर्ने गरेको आरोप पनि उहाँले लगाउनुभयो । सेवाग्राहीले सहज रुपमा उपचार सेवा नपाएको विषयमा उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद अमनलाल मोदीले बजेट अभावका कारण हुलाकी राजमार्ग निर्माणमा ढिलाइ भइरहेको विषय उठाउनुभयो । काठमाडौँको रत्नपार्कस्थित खुलामञ्चलाई अन्य कुनै प्रयोजनका लागि प्रयोग गर्ने नभई त्यसलाई खुला राखिनुपर्ने धारणा उहाँले राख्नुभयो ।सांसद अम्बिका बस्नेतले इपिएस कोरियाका परीक्षार्थीले ललितपुरको बालकुमारीमा गरेको प्रदर्शनका क्रममा दुईजनाको मृत्यु भएको विषयमा छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरिनुपर्ने माग राख्नुभयो ।

सांसद अम्मरबहादुर थापाले वार्षिक बजेटमा राखिएका योजना तथा कार्यक्रमअन्तर्गतका ठेक्का समयमा लाग्न नसक्दा विकासका काममा अवरोध भइरहेको बताउनुभयो । काम गरेका निर्माण व्यवसायीले भुक्तानी नपाएको विषयमा उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो ।पछिल्लो समय लागुऔषध ओसारपसार र त्यसको कारोबार बढेको विषय सांसद अमरेशकुमार सिंहले संसद्मा उठाउनुभयो । विदेशी नागरिक पनि लागुऔषध कारोबारमा लागिरहेको उहाँको भनाइ छ ।सांसद अमृतलाल राजवंशीले झापा, मोरङ, सुनसरीलगायत जिल्लामा हात्तीको आक्रमणमा परी पछिल्लो छ महिनामा छ जनाको ज्यान गएको विषय उठाउनुहुँदै यो समस्या समाधानका लागि सरकारसँग माग गर्नुभयो ।

कपिलवस्तु जिल्लाको तिलौराकोट क्षेत्रलाई आगामी आर्थिक वर्षको बजेटमा प्राथमिकताको क्षेत्रमा राख्नुपर्ने माग सांसद अमृतादेवी अग्रहरिले संसद्मा उठाउनुभयो । विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रलाई सरकारले पर्याप्त बजेट नछुट्याएको उहाँको भनाइ छ ।तस्करी, अवैधकारोबारलगायतगतिविधिमा उच्चपदस्थ व्यक्तिहरु संलग्न भइरहेको धारणा सांसद अर्जुननरसिंह केसीले राख्नुभयो । अवैध सुन कारोबारसम्बन्धी छानबिनका लागि गठन गरिएका हालसम्मका समितिका प्रतिवेदनहरु सार्वजनिक गरिनुपर्ने उहाँको माग थियो । एनसेल शेयर खरिदबिक्री प्रकरणबारे गठित छानबिन समितिको प्रतिवेदन सार्वजनिक गरिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सडक दुर्घटना बढिरहेको विषयमा सांसद अशोककुमार चौधरीले संसद्मार्फत सरकारको ध्यानाकर्षण गर्नुभयो । विभिन्न सडक खण्ड निर्माणमा ढिलाइ भइरहेको विषय पनि उहाँले संसद्मा उठाउनुभयो ।सांसद अस्माकुमारी चौधरीले चाँडो चाँडो सरकार परिवर्तन हुँदा नागरिकमा सरकारप्रति वितृष्णा जाग्दै गएको उल्लेख गर्नुहुँदै यो सरकारले जनभावनाअनुसार काम गर्नेमा आफू आशावादी रहेको बताउनुभयो ।सांसद असीम शाहले संसद्मा आफ्ना आसन परिवर्तन भए पनि भाषण परिवर्तन नहुने बताउनुभयो । आफ्नो दल सत्तापक्षमा रहे पनि संसद्मा प्रश्न उठाउने र खबरदायी गर्ने दायित्व नबिर्सने उहाँले स्पष्ट पार्नुभयो ।

सांसद ईश्वरबहादुर रिजालले दोलखा भीमसेन मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्नका लागि स्थानीय तहबाट पहल भइरहेकामा सङ्घ र प्रदेश सरकारले पनि त्यसमा सहयोग र समन्वय गर्नुपर्ने बताउनुभयो ।रोल्पा जिल्लामा दुईवटा सुनखानी दर्ता भएकामा त्यसको उत्खननको प्रक्रिया अघि बढाउनुपर्ने धारणा सांसद ईश्वरी घर्तीले संसद्मा राख्नुभयो । सांसद ईश्वरीदेवी न्यौपानेले पब्जी, फ्रिफायर जस्ता इस्पोर्टस्कोप्रयोगलेबालबालिकाको मनोविज्ञानमा ठूलो असर गरेको विषय उठाउनुहुँदै यस्ता खेललाई व्यवस्थित गर्ने विषयमा सरकारको ध्यानाकर्षण गर्नुभयो ।

सांसद उर्मिला थेवेले ताप्लेजुङ जिल्लाका वनमा डढेलो लागिरहेको र त्यसका नियन्त्रणको पर्याप्त प्रयास हुन नसकेको विषयमा ध्यानाकर्षण गराउनुभयो । मुलुकको अर्थतन्त्रका तीनखम्बामध्ये एक सहकारी क्षेत्र धराशयी भइरहेको विषयमा सांसद उर्मिला माझीले सरकारको ध्यानाकर्षण गर्नुभयो ।राजधानी जोड्ने मुख्य सडक नाकामध्ये नौबिसे-नागढुङ्गा-थानकोट खण्ड जीर्ण अवस्थामा रहेको विषय सांसद एकनाथ ढकालले उठाउनुभयो । यो सडक तत्काल मर्मतसम्भार गर्नुपर्ने भन्दै उहाँले संसदमार्फत सरकारको ध्यानाकर्षण गर्नुभयो ।

सुन तस्करी जाँचबुझ आयोगले आफ्नो प्रतिवेदनमा उल्लेखगरेकाविषयलाईसार्वजनिक गर्न र दोषीलाई कारबाही गर्न सांसद ऐनबहादुर शाही ठकुरीले माग गर्नुभयो । सहकारीपीडितका समस्यामा गम्भीर हुन पनि उहाँले सरकारको ध्यानाकर्षण गर्नुभयो ।संसद्भित्रै महिला सांसदलाई होच्याउने शब्द प्रयोग भएको विषयमा सांसद कल्पना चौधरीले ध्यानाकर्षण गराउनुभयो। अहिलेको सरकारमाथि कानुनी र नैतिक प्रश्नहरु रहेको धारणा सांसद कान्तिका सेजुवालले राख्नुभयो । अहिलेको सरकार गठनमा स्वार्थको द्वन्द्व (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) देखिएको बताउनुभयो ।

झापाको दक्षिण पश्चिम क्षेत्रमा कन्काई नदीको कटानले समस्या सृजना गरेको विषय सांसद कालुराम राईले संसद्मा उठाउनुभयो । सांसद किरणकुमार साहले स्थानीय निकायले बनाइरहेका कानुनमा एकरुपता हुन नसकेको बताउनुभयो । आफ्नो बचत फिर्ताका लागि आन्दोलन गरिरहेका सहकारीपीडितको समस्या समाधानका लागि सांसद कुसुमदेवी थापाले सरकारसँग माग गर्नुभयो । सांसद कृष्णगोपाल श्रेष्ठले काठमाडौँ निर्वाचन क्षेत्र नं ९ को रणनीतिक सडक निर्माणका लागि रु २० करोड विनियोजन भएको र ठेक्का समेत लागिसकेमा अहिले निर्माण व्यवसायी काम छोडेर बेपत्ता भएको बताउनुभयो । काठमाडौँको स्युचाटारदेखिभीमढुङ्गासम्मकोसडक निर्माणका लागि जिम्मा पाएको ठेकेदार कम्पनीलाई खोजिदिन उहाँले सरकारसँग आग्रह गर्नुभयो ।

काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाको काममा ढिलाइ भइरहेको विषय सांसद गोकुलप्रसाद बास्कोटाले संसद्मा राख्नुभयो । यो आयोजनामा लागत र समयसमेत बढिरहेकोउल्लेखगर्नुहुँदैअविलम्ब आयोजना सम्पन्न गर्नका लागि उहाँले माग गर्नुभयो ।मुलुकमा बेराजगारी बढेको विषय सांसद गोमा लाभ सापकोटाले संसद्मा उठाउनुभयो । रुसी सेनामा भर्ती भएका नेपालीलाई स्वदेश फिर्ताका लागि सरकारले उल्लेख्य पहल गर्न नसकेको उहाँको भनाइ छ ।



# स्तरीय चलचित्र बनाउनुपर्नेमा अध्यक्ष ओलीको जोड

**टुडे समाचारदाता**




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले स्तरीय चलचित्र बनाउनुपर्नेमा जोड दिएका छन् ।

'नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव' (निफ)को सातौँ संस्करणका अवसरमा ' एमाले अध्यक्ष केपी ओलीसँग राजेश हमालको सिनेमा संवाद'का क्रममा उनले देशमा स्तरीय चलचित्र बन्नुपर्नेमा जोड दिएका हुन् । पूर्वप्रधानमन्त्री ओलीले भने, "देशको प्रकृति, इतिहासका बारेमा चलचित्र बन्नुपर्छ भन्ने मलाई लाग्छ ।" आफूले चलचित्रको कथा र त्यसअनुसार भूमिका निर्वाह गर्ने पात्रका अभिनय हेर्ने गरेको तथा कला, साहित्य, इतिहासलाई लिएर निर्माण गरिएका चलचित्रले आफूलाई आकर्षित गरेको उनले बताए ।

उच्च शिक्षा प्राप्तिको सिलसिलामा नेपाली युवामा विदेश जाने प्रवृत्ति बढीरहेको र धेरै ठूलो संख्यामा उनीहरू उतै बस्ने गरेको देखिएको उल्लेख गर्दै एमाले अध्यक्षले भने, "युवाहरू अध्ययनका लागि बाहिर जाने र उतै बस्ने समस्या देखिएको छ, कुनै पनि देश पैसा भएर धनी हुने होइन, विकास भएर देश धनी हो, युवा पङ्क्तिलाई आफ्नो देशको विकास गर्नुपर्छ भन्ने बुझाउन जरुरी छ ।"

अध्यक्ष ओलीले नायक हमाल सालिन अभिनयकर्ताका रूपमा परिचित रहेको उल्लेख गर्दै भने, "राजेश हमाल आकर्षक हुनुहुन्छ, विद्वान् एवं असल चालचलन भएको अभिनेता हुनुहुन्छ, अभिनय गर्दा आफू को थिएँ भन्ने नै बिर्सनुहुन्छ, समाजसँग घुलमिल हुन असाध्यै सिपालु हुनुहुन्छ, यिनै विशेषता र गुणहरूले राजेश हमाल मलाई मन पर्नुहुन्छ ।"

नायक राजेश हमालले पूर्वप्रधानमन्त्री ओलीको सबैसँग सहजै घुलमिल हुनसक्ने क्षमताबारेमा भने, "मैले तपाईँको जीवनका बारेमा जति बुझेको छु, सबै व्यक्तिसँग तपाईँको सहजरूपमा प्रस्तुत हुनसक्ने क्षमता छ, तपाईँका समकालीन नेतामा त्यो क्षमता देख्दिनँ, त्यो प्रतिभा हजुरमा छ, जुन मननयोग्य छ ।"यही चैत ५ गतेसम्म सञ्चालन हुने महोत्सवमा ४० देशका ८८ चलचित्र छनोट भएर प्रदर्शन गरिने चलचित्र तथा सांस्कृतिक प्रतिष्ठान एवं महोत्सव आयोजकका अध्यक्ष केपी पाठकले जानकारी दिए । विहिबार सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले महोत्सवको सातौँ संस्करणको उद्घाटन गरेकी हुन् ।

# शिक्षा सुधारका लागि शिक्षामन्त्री परामर्शमा

**टुडे समाचारदाता**

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमा श्रेष्ठले शिक्षा क्षेत्रमा गर्नुपर्ने नीतिगत र कानुनीलगायत सुधारका सवालमा सरोकार भएका पक्षसँग निरन्तर परामर्श गरेकी छन् ।

विद्यालय शिक्षा विधेयक र नेपाल पूर्वाधार विश्वविद्यालय विधेयक प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन रहेको र उच्च शिक्षा विधेयक सदनमा प्रस्तुत गर्ने तयारीमा रहेको स्थितिमा सरकार पुनःगठन भएपछि विषयवस्तुलाई कसरी अगाडि भन्ने सन्दर्भमा शिक्षामन्त्रीले औपचारिक र अनौपचारिकरुपमा सुझाव लिन थालेकी हुन् ।

मन्त्री श्रेष्ठले मन्त्रालयका उच्च अधिकारी, विभिन्न निकायका प्रमुख, स्थानीय तह, नेपाल शिक्षक महासङ्घ, विभिन्न संस्था, शिक्षा विधामा कलम चलाउने पत्रकारलगायतसँग सुझाव लिनुभएको छ ।

मन्त्री श्रेष्ठले आफ्नो सामाजिक सञ्जालका माध्यमबाट पनि शिक्षामा गर्नुपर्ने सुधार र कामका सन्दर्भमा सुझाव दिन आह्वान गरेकी छन् । मन्त्री श्रेष्ठले केही समय सम्बन्धित पक्षसँगको परामर्शपछि आफूले कार्ययोजनासहित गर्नुपर्ने कामबारे सार्वजनिक गर्ने जानकारी दिएकी छन् ।

# अमेरिकी स्टिल कम्पनीलाई जापानको निप्पोनलाई बिक्री गर्ने पक्षमा आफू नरहेको बाइडेनको भनाइ

**एएफपी**

वासिङ्टन । अमेरिकी स्टील कम्पनीलाई जापानको निप्पोन स्टिललाई बिक्री गर्ने प्रस्तावको विपक्षमा आफू रहेको बताउनुभएको छ ।

जापानका प्रधानमन्त्री फुमियो किशिदालाई ह्वाइट हाउसको राजकीय भ्रमणका लागि स्वागत गर्नुभन्दा एक महिना पहिले राष्ट्रपति बाइडेनले १४ अर्ब १० करोड अमेरिकी डलरको अधिग्रहणसम्बन्धी प्रस्तावमा विमती रहेको बताउनुभएको हो ।

यसको अर्थ राष्ट्रपति बाइडेनको नजर नोभेम्बरमा हुने राष्ट्रपतीय निर्वाचनमा डोनाल्ड ट्रम्पविरुद्ध केन्द्रित देखिएको छ । दुवै पार्टीका सांसदहरूले एक विदेशी मालिकलाई विशाल अमेरिकी उत्पादन कम्पनी बिक्री गर्ने योजनाको विरोधमा युनियनहरूसँग मिलेर काम गरेका छन् ।

युएस स्टिल कम्पनी पेन्सिलभेनिया राज्यको पिट्सबर्गमा अवस्थित छ । उक्त राज्यमा राष्ट्रपति बाइडेनले सन् २०२० को निर्वाचनमा ट्रम्पमाथि विजय गर्नुभएको थियो । यस वर्ष फेरि बाइडेनको ट्रम्पसँग प्रतिस्पर्धा हुने करिबकरिब निश्चित भएको छ ।



राष्ट्रपति बाइडेनले एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, “हामीले अमेरिकी स्टिल कम्पनीहरूलाई जोगाउनुपर्छ । मैले हाम्रा स्टिल कर्मीहरूलाई भनेको थिएँ यसमा मेरो सहयोग रहनेछ ।”

उहाँले भन्नुभएको छ, “यूएस स्टील एक शताब्दीभन्दा बढी समयदेखि एक प्रतिष्ठित अमेरिकी कम्पनीका रूपमा काम गर्दै आएको कम्पनी हो र अमेरिकाका लागि यो कम्पनी रहनु महत्वपूर्ण छ ।” तर बाइडेनले डिसेम्बरमा घोषणा भएदेखि नै यसले राष्ट्रिय सुरक्षा हितलाई कसरी असर गर्छ भन्ने संघीय समीक्षाको अधीनमा रहेको यो सम्झौतालाई आफूले अवरोध गर्ने स्पष्ट रूपमा बताउनुभएको छैन ।

जापानी सरकारका प्रवक्ता योशिमासा हयाशीले शुक्रबार टोकियोलाई बाइडेनको बयानबारे जानकारी भए पनि व्यक्तिगत कम्पनीको व्यवस्थापनको विषयमा टिप्पणी गर्न अस्वीकार गरेको बताउनुभएको छ ।

उहाँले भन्नुभयो, “जापान-अमेरिका गठबन्धन पहिलेभन्दा बलियो छ र राष्ट्रहरूले ‘नियममा आधारित स्वतन्त्र र खुला आर्थिक व्यवस्थाको रखरखाव र सुदृढीकरण’ लगायत धेरै क्षेत्रमा सहयोग जारी राख्नेछन् ।”

निप्पोन स्टिल र युएस स्टिलले एक संयुक्त वक्तव्य जारी गर्दै उनीहरूको साझेदारीले ‘ जापान र संयुक्त राज्य अमेरिकाबीचको घनिष्ठ गठबन्धन“ प्रतिबिम्बित गरेको बताएका छन् ।

“हामी लेनदेनको प्रशासनको जाँचको स्वागत गर्दछौं । यो लेनदेनको वस्तुनिष्ठ र व्यापक समीक्षाले यसले अमेरिकी रोजगारी, प्रतिस्पर्धा र आर्थिक र राष्ट्रिय सुरक्षालाई बलियो बनाउँछ भन्ने देखाउँछ,” वक्तव्यमा भनिएको छ ।

निप्पोन स्टिलले एक छुट्टै विज्ञप्ति जारी गर्दै भनेको छ, “यो सम्झौताले अमेरिकी स्टील, युनियन कामदार र समग्र अमेरिकी स्टिल उद्योगलाई स्पष्ट लाभ प्रदान गर्दछ ।”यूएस स्टीलको शेयर शुक्रवार ६.४ प्रतिशतले घटेको छ भने शुक्रवारको निप्पोन स्टीलको शेयर ०.११ प्रतिशतले घटेको छ ।

प्रस्तावित बिक्री संयुक्त राज्य अमेरिकामा एक राजनीतिक हतियार बनेको छ ।गत फेब्रुअरीमा ट्रम्पले आफूले ह्वाइट हाउसमा दोस्रो कार्यकाल जितेमा उक्त ‘ भयानक’ सम्झौता रोक्ने बताउनुभएको थियो । बाइडेनको चुनावी घोषणापत्रमा अमेरिकी उत्पादनको पुनः निर्माण गर्ने प्रतिबद्धताको केन्द्रमा पनि यो सम्झौता उल्लेख गरिएको छ ।

# साउदी बस्ने तुमले महिला फुटबललाई १० लाख पठाए

काठमाण्डु । साउदी अरबमा डेढ दशकदेखि बस्दै आएका बुटवल उपमहानगरपालिका ११ का यम बहादुर गुरुङ (यम तमु) ले महिला राष्ट्रिय फुटबल टोलीलाई १० लाख रुपैयाँ दिएका छन् ।

साउदीमा फागुन १६ गते भएको वाफ च्याम्पियनसिपको फाइनलमा हेर्न पुगेका तमुले खेलाडीको उच्च प्रदर्शनबाट आफू प्रभावित भएको जनाउँदै महिला टोलीलाई एक मुष्ट रकम दिएको बताएका छन् । उनले अखिल नेपाल फुटबल संघ (एन्फा) केन्द्रिय सदस्य, एन्फा महिला संघकी अध्यक्ष एवंम राष्ट्रिय खेलकुद परिषद्की सदस्य पेमा डोम्बा लामालाई रकम पठाइसकेका छन् ।

महिला संघकी अध्यक्ष लामाले भनिन्, , ‘तमु जीकी श्रीमती उमाको उपस्थितिमा केहि दिनमा हामी खेलाडीलाई रकम हस्तान्तरण गर्नेछौं ।’ टोलीमा २३ खेलाडी रहेका छन् ।




जोर्डनसँगको फाइनलमा नेपाल पेनाल्टी सुटआउटमा ५-३ ले पराजित भएको थियो । निर्धारित समयमा फाइनल २-२ बराबरी भएको थियो । त्यसअघि सेमिफाइनलमा लेबनानलाई २-१ ले हराएको नेपालले समूह चरणमा इराकलाई ५-०, सिरियालाई ४-१ र प्यालेस्टाइनलाई ४-० ले हराएको थियो ।

१५ वर्षदेखि साउदी बस्दै आएका तमुले ५ वर्षदेखि साउदीको रियादमा लालीगुरास नेपाली रेष्टुरेन्ट सन्चालन गर्दै आएका छन् । महिला टोलीले जसरी प्रतियोगिता खेल्यो त्यो स्तरीय थियो । हामी सबैले हौसला बढाउनु पर्दछ भन्ने ठान्दछु,’ तमुले भने,‘म यहाँ पनि अन्य समाजिक काममा पनि संलग्न छु । महिला टोलीका खेलाडीलाई सहयोग गर्न पाउँदा खुसी छु । ’

# मध्य भियतनाममा विषाक्त खाना खाएका कारण करिब २०० जना अस्पताल भर्ना



**एएफपी**

हनोई । भियतनामको खान्ह होआ प्रान्तको केन्द्रीय शहर न्हा ट्राङको एक होटलमा खाना खाएपछि विरामी परेको आशङ्कामा कम्तीमा १९५ जनालाई अस्पताल भर्ना गरिएको स्थानीय सञ्चारमाध्यमले शुक्रबार जनाएका छन् ।

तीमध्ये केहीको १२ वटा स्थानीय अस्पताल र मेडिकल सेन्टरमा उपचार भइरहेको छ भने केहीलाई घरमै उपचारको लागि औषधि दिइएको भियतनाम समाचार एजेन्सीले जनाएको छ ।

अधिकारीहरूले बुधबार राति पर्यटक र स्थानीयसहित पहिले अस्पताल पुगेका ६० जना विषाक्त खानाका कारण विरामी परेको पुष्टि भएको जनाएका छन् ।

भिएनएक्सप्रेसका अनुसार उनीहरु सबैले यसअघि मध्य तटीय शहरको ट्राम आन्हस्थित एक रेस्टुरेन्टमा कुखुराको मासु र खाना खाएका थिए । न्हा ट्राङ स्वास्थ्य विभागका अनुसार बिहीबार दिउँसो थप सङ्क्रमित भेटिएका छन् ।

अनुसन्धानका लागि बिक्री सम्झौता र खाद्य सामग्रीसँग सम्बन्धित अन्य कागजात पेश गर्न भनेको तर सञ्चालकले कागजात पेश नगरेकोले रेस्टुरेन्टलाई अर्को सूचना नभएसम्मका लागि सेवा बन्द गर्न निर्देशन दिइएको स्वास्थ्य मन्त्रालयको खाद्य सुरक्षा विभागले शुक्रबार जानकारी गराएको छ ।

# दक्षिणपूर्वी गाजामा इजरायली आक्रमण हुँदा २१ जनाको मृत्यु

**सिन्ह्वा**

गाजा । गाजा सहरमा सहायताको प्रतीक्षामा रहेका विस्थापित प्यालेस्टिनी भेला भएको स्थानमा इजरायलले गरेको आक्रमणमा कम्तिमा २१ प्यालेस्टिनीको मृत्यु भएको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ । उक्त घटनामा १५० जना घाइते भएको प्रत्यक्षदर्शीले बताएका छन् ।




प्यालेस्टिनीहरूको एउटा समूह सहयोग प्राप्त गर्न भेला भएको स्थानमा हेलिकप्टरबाट मेसिन गनद्वारा आक्रमण भएको स्थानीयले बताएका छन् । घटनास्थलको अवस्था चुनौतिपूर्ण भएपनि मृतकलाई उद्धार गर्ने र घाइतेलाई निकाल्ने प्रयास जारी रहेको विज्ञप्तिमा उल्लेख छ ।

घाइतेमध्ये केही गम्भीर अवस्थामा रहेका कारण मृतकको सङ्ख्या थप बढ्ने अनुमान गरिएको छ ।इजरायली प्रतिरक्षा बल (आईडीएफ) ले शुक्रबार दक्षिणी गाजामा प्यालेस्टिनीहरूलाई लक्षित गरी आफ्नो सेनाले सशस्त्र कारबाही गरेको भन्ने समाचारको खण्डन गरेको छ ।

# आठ आप्रवासीको डुबेर मृत्यु

**एएफपी**

इस्तानबुल । टर्कीको समुद्री किनारामा डुङ्गा पल्टिँदा कम्तीमा आठ आप्रवासीको डुबेर मृत्यु भएको छ ।

स्थानीय गभर्नरको कार्यालयले शुक्रबार दिएको जानकारी अनुसार डुङ्गा दुर्घटनामा परेका कूल १२ जनामध्ये आठ आप्रबासीको डुबेर मृत्यु भएको थियो भने बाँकी चार जनाको सकुशल उद्धार भएको छ ।

दुर्घटनामा ज्यान गुमाएका व्यक्तिको राष्ट्रियता भने खुल्न सकेको छैन । टर्कीको उत्तरपश्चिमी प्रान्त क्यानाक्केलेको तटमा रहेको गोक्सिडा वा इम्ब्रोस भनिने टापुमा डुङ्गा पल्टिएको हो ।

अधिकारीहरूले खोजी तथा उद्धार कार्य जारी रहेको बताएका छन् ।

टर्कीले अधिकांश सिरियालीसहित करिब ४० लाख शरणार्थीलाई आश्रय दिइरहेको छ । अङ्काराले सन् २०१६ मा युरोपेली सङ्घसँग आर्थिक सहायतालगायत विभिन्न प्रोत्साहनको बदलामा शरणार्थीहरूको आगमन रोक्न सम्झौता गरेको थियो ।

# च्याम्पियन्स लिग क्वाटरफाइनलमा रियल म्याड्रिड र म्यानचेस्टर सिटी भिड्ने




**एजेन्सी**

युरोपेली च्याम्पियन्स लिगको क्वाटरफाइनलको ड्र सार्वजनिक भएको छ । स्विट्जरल्यान्डको नियोनमा भएको ड्र समारोहका बीच अन्तिम आठका खेलहरूको टुंगो लागेको हो ।

गत संस्करणको विजेता म्यानचेस्टर सिटीले १४ पटकको विजेता रियल म्याड्रिडको सामना गर्ने भएको छ । गत संस्करणको सेमीफाइनलमा पनि यी दुई टोली आमने सामने भएका थिए । समग्रमा सिटी ५-१ ले विजयी भएको थियो ।

अर्को क्वाटरफाइनलमा पिएसजी र बार्सिलोना भिड्ने छन् । पछिल्लो पटक यी दुई टोली २०२१ मा अन्तिम १६ मा भिडेका थिए । सो टाईमा पिएसजी ५-२ ले विजयी भएको थियो ।

यस्तै अन्य दुई क्वाटरफाइनलमा आर्सनल र बायर्न म्युनिख भिड्दा एट्लेटिको म्याड्रिड र बोरुसिया डर्टमुन्ड भिड्ने छन् ।

सेमिफाइनलमा म्यानचेस्टर सिटी र रियल म्याड्रिड बीचको विजेताले आर्सनल र बायर्न म्युनिखको विजेता विरुद्ध खेल्नेछ । यस्तै पिएसजी र बार्सिलोना बीचको विजेताले एट्लेटिको म्याड्रिड र बोरुसिया डर्टमुन्ड बीचको विजेता विरुद्ध फाइनल प्रवेशका लागि खेल्नेछ । फाइनल इङ्ल्यान्डस्थित वेम्ब्ली स्टेडियममा हुनेछ ।


# रिहाइपछि पहिलो सार्वजनिक टिप्पणीमा ‘राम्रो महसुस’ गरिरहेको थाक्सिनको भनाइ

**एएफपी**

चियाङमाई । भ्रष्टाचार र शक्ति दुरुपयोगको आरोपमा कारागार सजायभन्दा चाँडै रिहा भएपछि आफ्नो पहिलो सार्वजनिक टिप्पणीमा थाइल्यान्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राले शुक्रबार आफूले ‘राम्रो महसुस’ गरिरहेको बताउनुभएको छ ।

विवादास्पद अर्बपति, दुई पटकका प्रधानमन्त्री तथा सैन्य विद्रोहमा सन् २००६ मा अपदस्त हुनुभएका सिनावात्रा आफ्नो गृह नगर चियाङमाईको तीन दिवसीय यात्राको दोस्रो दिनमा हुनुहुन्छ । “मैले राम्रो महसुस गरिरहेको छु”, आफ्नो नातेदारको समाधिस्थलको भ्रमणपछि उत्तरी थाई लवजमा कुरा गर्दै उहाँले पत्रकारहरूसँग भन्नुभयो ।

पन्ध्र वर्षको स्वनिर्वासनपछि ७४ वर्षीय सिनावात्रा गत वर्षको अगस्टमा स्वदेश फर्कनुभएको थियो । स्वदेश फर्के लगत्तै उहाँ सत्तामा रहँदाको समयसँग



सम्बन्धित आरोपमा आठ वर्षका लागि कारागार जानुभएको थियो । तर स्वदेश फर्केको केही दिनमै राजा महा वजिरालोङ्कोर्नले उहाँको सजाय घटाएर एक वर्ष बनाउनुभएको थियो र गत महिना सरकारले वृद्धावस्था र बिग्रँदो स्वास्थ्यका कारण उहाँ चाँडै रिहा गर्न योग्य भएको बताएको थियो ।

कारागार अस्पतालमा हिरासतमा रहँदा सिनावात्राको पाँच पटक अर्थोपेडिक शल्यक्रिया गरिएको अधिकारीहरूले अक्टोबरमा पुष्टि गरेका थिए । यद्यपि उनीहरूले थप विवरण दिएका छैनन् ।

उहाँको परम्परागत राजनीतिक आधार रहेको उत्तरको भ्रमण रिहाइपछि पहिलो सार्वजनिक भ्रमण हो । सिनावात्रासँग उहाँकी छोरी पातोङ्टार्न र उहाँका पति पनि हुनुहुन्छ । पातोङ्टार्न अहिले सिनावात्राको फेउ थाई पार्टीको प्रमुख हुनुहुन्छ ।

“खुशी परिवारमा निर्भर हुन्छ”, उहाँले पत्रकारहरूसँग भन्नुभयो, “खुशी घरमा हुन्छ ।” यसअघि उहाँले सानो सङ्ख्यामा समर्थक जम्मा भएका वररोट बजारको भ्रमण गर्नुभएको थियो ।

पूर्वप्रहरी अधिकारीबाट टेलिकम टाइकुन बनेका सिनावात्रा सन् २००० को दशकको प्रारम्भमा आफ्नो लोकप्रिय नीतिका लागि लाखौं ग्रामीण थाईका बीच प्रिय हुनुहुन्छ तर लामो समयदेखिको मुलुकको शाहीवादी तथा सैन्य समर्थक प्रतिष्ठानले उहाँको विरोध गर्दै आएको छ ।

सत्ता प्रतिष्ठान र सिनावात्रा तथा उहाँका सहयोगीबीचको प्रभुत्वको लडाइँले पछिल्लो दुई दशकमा थाई राजनीतिलाई धेरै हदसम्म परिभाषित गरेको छ ।

# रूसको राष्ट्रपतीय निर्वाचनका लागि मतदान सुरू

**सिन्ह्वा**

भ्लाडिभोस्तोक । रूसमा सन् २०२४ को राष्ट्रपतीय निर्वाचन लागि मतदान सुरु भएको छ । रूसको सुदूरपूर्वी क्षेत्र मानिने कामचटका, चुकोटलगायतका क्षेत्रमा स्थानीय समय अनुसार शुक्रबार बिहान आठ बजे देखि मतदान सुरू भएको छ ।

शीर्ष पदका लागि चार उम्मेदवारहरू लिबरल डेमोक्रेटिक पार्टीका लियोनिद स्लुत्स्की, रूसी कम्युनिस्ट पार्टीका निकोलाई खारितोनोभ, न्यू पिपुल पार्टीका भ्लादिस्लाव दाभान्कोभ र वर्तमान राष्ट्रपति र स्वतन्त्र उम्मेदवार भ्लादिमिर पुटिन प्रतिस्पर्धा गर्ने छन् ।

रूसले मार्च १५ देखि १७ सम्म स्थानीय समयअनुसार बिहान आठ बजेदेखि बेलुका आठ बजेसम्म मतदान गर्ने व्यवस्थासहित ९० हजारभन्दा बढी मतदान केन्द्र स्थापना गरेको छ । रूसको विशाल क्षेत्रमध्ये, सुदूर पूर्वी क्षेत्रमा अवस्थित कामचटका र चुकोटका मतदान



सुरु गर्ने पहिलो क्षेत्रहरू हुन् । रुसको पश्चिमी छेउमा अवस्थित कालिनिनग्रादमा मतदान केन्द्रहरू मतदानका लागि अन्तिम हुने स्रोतले बताएको छ ।

रूसी केन्द्रीय निर्वाचन आयोगले जारी गरेको तथ्याङ्क अनुसार विदेशमा बसोबास गर्ने १८ लाखभन्दा बढी नागरिकसहित करिब ११ करोड रूसी नागरिक मतदानका लागि योग्य रहेका छन् ।

रूसी संविधान अनुसार राष्ट्रपतीय निर्वाचनमा ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वार विजयी हुनेछ । दुईभन्दा बढी उम्मेदवार भएकाले पहिलो चरणको निर्वाचनबाट कसैले पनि ५० प्रतिशत मत प्राप्त गर्ने सम्भावना न्यून छ ।

केन्द्रीय निर्वाचन आयोगले शीर्ष दुई दावेदारका लागि दोस्रो चरणको मतदानको घोषणा गर्नेछ । दोस्रो चरणमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुनेछ ।

रूसी केन्द्रीय निर्वाचन आयोगले मार्च २८ तारिखसम्ममा निर्वाचन परिणामको पुष्टि गर्नेछ र नतिजा पुष्टि भएको तीन दिनभित्र मत परिणामको औपचारिक घोषणा गर्नेछ ।

# टर्कीएमा पाँच बालबालिकासहित २१ आप्रवासीको मृत्यु

**एएफपी**

इस्तानबुल । टर्कीएको सामुद्रिक तटमा एउटा डुङ्गा डुब्दा पाँच बालबालिकासहित २१ आप्रवासीको मृत्यु भएको स्थानीय अधिकारीहरूले शुक्रबार बताएका छन् । पीडितहरूको राष्ट्रियता अहिलेसम्म खुल्न सकेको छैन ।

दुई जनालाई टर्कीएका तटरक्षकहरूले उद्धार गरेको र अर्का दुईलाई आफैं पानीबाट बाहिर निकाल्न सफल भएको अधिकारीहरूले बताएका छन् । ग्रिसको लोम्नोस टापुनजिकैको उत्तरपश्चिमी प्रान्त क्यानाकलको टर्कीएको सबैभन्दा ठूलो टापू गोकसेडा वा इम्ब्रोसस्थित एजियन सागरको तटमा डुङ्गा डुबेको थियो ।

“सुरक्षा दलले पाँच बालबालिकासहित २१ जनाको शव फेला पारेको छ”, स्थानीय गभर्नरको कार्यालयले विज्ञप्तिमा भनेको छ । एउटा विमान, दुईवटा हेलिकप्टर, एउटा ड्रोन, १८ वटा डुङ्गा र पाँच सय दुई कर्मचारी खोजी तथा उद्धार अभियानमा सहभागी भएको विज्ञप्तिमा उल्लेख छ ।

टर्कीएमा अधिकांश सिरियालीसहित करिब ४० लाख शरणार्थी रहेका छन् । समृद्ध युरोपेली सङ्घ (इयु) का मुलुकहरूतिर जान धेरै आप्रवासी टर्कीएको पश्चिमी तटबाट ग्रिक टापु पुग्ने प्रयास गर्छन् । यीमध्ये धेरैजसो खतरनाक समुद्र पार गर्दा मर्ने गर्छन् ।

स्थानीय अधिकारीहरूका अनुसार रातभरमा डुङ्गा डुब्न थालेपछि शुक्रबार धेरै एम्बुलेन्स गोकसेडा नजिकैको कबातेपमा तैनाथ थिए । हालैका साताहरूमा टर्कीए र ग्रिसबीचको जल क्षेत्रमा आप्रवासीहरूको गतिविधि बढेका छन् । साताको प्रारम्भमा ग्रिस पार गर्ने प्रयास गरिरहेका बालबालिकासहित सयौं आप्रवासीलाई बचाएको टर्कीएका तटरक्षकहरूले बताएका छन् ।

धेरै वर्षदेखि भूमध्य सागर अफ्रिका र मध्यपूर्वबाट युरोपतिर आउने आप्रवासी प्रवाहको केन्द्र बनेको छ । सिरियाली गृहयुद्धबाट भागेका धेरै आप्रवासीले युरोपमा शरण लिन खोज्दा सन् २०१५ मा तीव्र आप्रवासी सङ्कट चरम अवस्थामा पुगेको थियो । टर्कीएले आर्थिक सहायता र अन्य प्रोत्साहनको बदलामा इयुसम्म पुग्ने प्रयास गरिरहेका शरणार्थीको आगमनलाई रोक्नका लागि सन् २०१६ मा इयुसँग सम्झौता गरेको थियो ।

# स्थानीय जनप्रतिनिधिसँग प्रधानमन्त्रीले भने- बुढीगण्डकी आयोजना अब अगाडि बढ्छ



**काठमाण्डु ।** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बुढीगण्डकी जलविद्युत् आयोजनाको कामलाई तीव्रता दिन आफूले हरसम्भव प्रयास गरिरहेको बताएका छन् । शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा गोरखा र धादिङका जनप्रतिनिधिले आयोजनाका सम्बन्धमा बुझाउनुभएको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री दाहालले भने “शुक्रबार बस्ने मन्त्रिपरिषद्को बैठकमा पनि यसबारे छलफल हुन्छ । आयोजना अघि बढाउनेमा म प्राथमिकता साथ लागेको छु ।”

प्रधानमन्त्रीले यो आयोजनालाई अगाडि बढाउन आफूले निरन्तर पहल गरिरहेको बताए । उनले स्थानीय तहबाट आयोजनालाई शीघ्र अगाडि बढाउन गरिएको पहल र प्रयासका लागि धन्यवाद दिँदै केही दिनभित्रै आवश्यक निर्णय हुने विश्वास दिलाउनुभयो । कूल एक हजार दुई सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् आयोजना स्वदेशी लगानीमा निर्माण गर्ने टुङ्गो लागेपनि लगानी ढाँचा तयार हुन नसक्दा अगाडि बढ्न सकेको छैन ।

प्रधानमन्त्रीलाई गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सना, सहिद लखन गाउँपालिका अध्यक्ष रमेशबाबु थापा मगर, भीमसेन गाउँपालिकाका अध्यक्ष लोकप्रसाद बञ्जरा, आरुघाट गाउँपालिकाका अध्यक्ष राजु गुरुङ, पालुङटार नगरपालिकाका प्रमुख विवश चिन्तन, धादिङको त्रिपुरासुन्दरी गाउँपालिकाका अध्यक्ष राजु उप्रेती, ज्वालामुखी गाउँपालिकाका अध्यक्ष यमनाथ दनैलगायतले ज्ञापनपत्र बुझाउनुभएको थियो ।

सो अवसरमा राष्ट्रिय गौरबको योजना निर्माण प्रक्रियाका लागि आर्थिक स्रोत सुनिश्चिता र निर्माण प्रक्रिया अगाडि बढाउन यथाशीघ्र पहल गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको गण्डकी गाउँपालिकाका अध्यक्ष तिमिल्सिनाले जानकारी दिए । आयोजना निर्माण अघि नबढ्दा प्रभावित क्षेत्रका जनतामा थप समस्या पैदा भएको र उनीहरुले पाउनुपर्ने सामान्य सुविधा समेत नपाएको ज्ञापनपत्रमा उल्लेख छ ।

बिहीबार मात्रै बुढीगण्डकी जलविद्युत् कम्पनीको सञ्चालक समितिले लगानीका दुई वटा ढाँचा प्रस्ताव गर्दै आवश्यक निर्णयका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पेश गरेको छ । उक्त प्रस्तावका सन्दर्भमा मन्त्रालयले आवश्यक निर्णय गरी सहमतिका लागि अर्थमन्त्रालयमा पेश गर्ने तयारी गरेको छ । कम्पनीका प्रमुख कार्यकारी अधिकृत जगत श्रेष्ठले आयोजनाका सन्दर्भमा बिहीबारको सञ्चालक समितिको बैठकले भायबिलीटी ग्याप फण्डका साथै थप दुई विकल्प स्वीकृत गरेको छ ।

आयोजना निर्माणका लागि बजेट अभाव हुन नदिन सरकारले इन्धनमा लगाएको पूर्वाधार कर उपयोग हुनेगरी बजेट सालबसालीरूपमा विनियोजन गर्ने व्यवस्था अर्थमन्त्रालयले मिलाउने छ ।

गत कात्तिक २३ गतेको मन्त्रिपरिषद्ले आयोजनाको स्रोत सुनिश्चितताका लागि आवश्यक निर्णय गरिसकेको छ । समितिले विशेषगरी वित्तीय व्यवस्थापनका सन्दर्भमा तीनवटा विकल्प अगाडि सारेको छ ।

त्यसमा कर्जा स्वपुँजी अनुपातका आधारमा ८०:२० प्रतिशत, ७५:२५ प्रतिशत, ७० :३० प्रतिशत बराबर रहनेछ ।

आयोजनाको कूल निर्माण लागत (निर्माण अवधिको ब्याजसमेत जोड्दा) पहिलो विकल्पमा रु तीन खर्ब १७ अर्ब ६७ करोड बराबर रहनेछ भने दोस्रो विकल्पमा रु तीन खर्ब १३ अर्ब ९३ करोड बराबर हुनेछ । साथै तेस्रो विकल्पमा रु तीन खर्ब १० अर्ब ४७ करोड हुनेछ । त्यसमा कुल कर्जा भने रु दुई खर्ब ५४ अर्ब २७ करोड बराबर रहनेछ ।कर्जा स्वपुँजी अनुपात ७५:२५ प्रतिशतका आधारमा हेर्दा कूल कर्जा रु दुई खर्ब ३५ अर्ब ४३ करोड बराबर रहनेछ । त्यस्तै, ७०:३० को अनुपातमा रहँदा रु दुई खर्ब १८ अर्ब २६ करोड हुनेछ । त्यसमा सरकारको सहुलियत प्राप्त कर्जा ८०:२० का आधारमा रु एक खर्ब ५४ अर्ब ८७ करोड बराबर हुनुपर्नेछ । यसैगरी ७५:२५ अनुपातमा रु एक खर्ब ४६ अर्ब ९४ करोड र ७०:३० को अनुपातमा रु एक खर्ब ३९अर्ब ९१ करोड बराबर हुनुपर्नेछ ।

यस्तै, व्यावसायिक कर्जाका हकमा तीनवटा फरक सुझाव दिएको छ । पहिलो विकल्पमा रु ९९ अर्ब ४० करोड बराबरको व्यावसायिक कर्जा लिनुपर्ने सुझाइएको छ । दोस्रो विकल्पमा रु ८८ अर्ब ४८ करोड र तेस्रो विकल्पमा रु ७८ अर्ब ३५ करोड कर्जा लिनुपर्नेछ । कूल स्वपँजी लगानीमा पनि तीन वटा विकल्पका आधारमा नै सुझाव दिइएको छ ।

पहिलोमा रु ६३ अर्ब ४० करोड, दोस्रोमा रु ७८ अर्ब ५० करोड र तेस्रोमा रु ९२ अर्ब २१ करोड बराबर रहनेछ ।सरकारको स्वपुँजी लगानीमा पहिलो विकल्पमा रु ३२ अर्ब ३३ करोड, दोस्रोमा रु ४० अर्ब चार करोड र तेस्रोमा रु ४७ अर्ब तीन करोड बराबर छ । नेपाल विद्युत् प्राधिकरणले गर्ने स्वपुँजी लगानीमा पनि पहिलो विकल्पमा रु १२ अर्ब ६८ करोड, दोस्रोमा रु १५ अर्ब ७० करोड र तेस्रोमा रु १८ अर्ब ४४ करोड बराबर हुनेछ ।

अन्य सरकारी एवं सार्वजनिक निकायको स्वपुँजीमा पनि तीन वटा विकल्प अनुसार नै प्रस्ताव गरिएको छ । पहिलो विकल्प अनुसार रु पाँच अर्ब ७१ करोड, दोस्रोमा रु सात अर्ब सात करोड र तेस्रोमा रु आठ अर्ब ३० करोड बराबर रहनेछ ।सर्वसाधारणले लगानी गर्ने कूल लागतको १० प्रतिशत हिस्सामा पनि तीन वटा विकल्पमा नै हिसाब गरिएको छ । पहिलो विकल्पमा रु छ अर्ब ३४ करोड, दोस्रोमा रु सात अर्ब ८५ करोड र तेस्रोमा रु नौ अर्ब २२ करोड लगानी हुनेछ । आयोजना प्रभावित धादिङ र गोरखाबासीले पहिलो विकल्पमा रु ६ अर्ब ३४ करोड, दोस्रोमा रु सात अर्ब ८५ करोड र तेस्रोमा रु नौ अर्ब २२ करोड बराबरको शेयर लगानी गर्न पाउनेछन् ।

बैंक, वत्तीय संस्थालगायत सार्वजनिक निकायको कुल लगानीमा पनि तीन वटा विकल्प अनुसार नै हिसाब गरिएको छ । त्यसअनुसार पहिलो रु एक खर्ब पाँच करोड १० लाख, दोस्रो रु ९५ अर्ब ५५ करोड र तेस्रो रु ८६ अर्ब ६५ करोड प्रस्ताव गरिएको छ । सरकारको कूल लगानी (भिजिएफबाहेक) पहिलो विकल्पमा रु एक खर्ब ८७ अर्ब २० करोड, दोस्रोमा रु एक खर्ब ८६ अर्ब ९८ करोड, तेस्रोमा रु एक खर्ब ८६ अर्ब ९३ करोड प्रस्ताव गरिएको छ ।

शेयर लगानीका हिसाबले कर्जा स्वपुँजी अनुपात ८०:२० नै उपयुक्त हुने सुझाव दिएको समितिले ऋण लगानीका आधारमा भने ७०:३० को अनुपात ग्राह्य हुने बताएको छ ।

आयोजनाको वातावरणीय तथा सामाजिक सुरक्षा खर्च वापत हालसम्म भएको रु ४२ अर्ब ५७ करोड समेत अनुमानित खर्च रु ७३ अर्ब २० करोडलाई सरकारले भायविलीटी ग्याप फण्डका रुपमा व्यहोर्नुपर्ने समितिको सुझाव छ । इन्धनमा लगाइएको पूर्वाधार कर आयोजनामा उपयोग हुने गरी कूल लागतमध्ये रु एक खर्ब ८७ अर्ब शेयर लगानी र सहुलियत प्राप्त ऋणको रुपमा सरकारले लगानी गर्नुपर्नेछ । सो रकमबाट सरकारको प्रतिबद्धताअनुरुप आयोजनाको ५१ प्रतिशत शेयर सरकारको कायम हुने गरी बाँकी रकम सहुलियत प्राप्त ऋणमा समावेश गर्नुपर्ने हुन्छ । सरकारले प्रदान गर्ने सहुलियत प्राप्त ऋणको ब्याजदर वार्षिक एक प्रतिशत र ऋण अवधि आठ वर्षको निर्माण अवधिसहित ५० वर्ष कायम गर्नुपर्ने व्यवस्थाको प्रस्ताव गरिएको छ ।

आयोजनाबाट हिउँदमा एक हजार चार सय आठ गिगावाट घण्टा बराबर ऊर्जा उत्पादन हुनेछ । यसैगरी वर्षा महिनामा एक हजार नौ सय ७५ गिगावाट घण्टा ऊर्जा उत्पादन हुनेछ । हिउँदको विद्युत् बिक्री दर प्रतियुनिट १२ रुपैयाँ ४० पैसा र वर्षायामको प्रतियुनिट छ रुपैयाँ ५० पैसा बराबर हुनेछ । आयोजनाको अनुमतिपत्रको अवधिभरमा सरकारलाई ‘रोयल्टी’, संस्थागत आयकर, मूल्य अभिवृद्धिकर तथा भन्सार महसुल गरी रु दुई खर्ब ८४ अर्ब ८२ करोड आय हुनेछ ।

स्वदेशी लगानीमा आयोजना निर्माण गर्ने उद्देश्यका साथ २०७९ साल असार १४ गतेको मन्त्रिपरिषद् बैठकले कम्पनी स्थापना गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार २०७९ साल असार २१ गते सरकारको अधिकांश शेयर स्वामित्व रहने गरी कम्पनी स्थापना भएको हो । आयोजनाको विस्तृत परियोजना प्रतिवेदन फ्रान्सेली कम्पनी ट्याक्टबेलले सन् २०१४ मा नै तयार पारी सरकारलाई बुझाएको थियो ।

आयोजना निर्माणका निम्ति वर्तमान सरकारले आयोजनाको फिल्ड कार्यालय स्थापना गरेर मुआब्जा वितरण अन्तिम चरणमा पुर्‍याएको छ । प्रधानमन्त्रीले निकट भविष्यमा नै शिलान्यास गर्ने बताउँदै आउनुभएको छ । आगामी आर्थिक वर्षदेखि पूर्वाधार कर वापतको रकम आयोजनाको खातामा नै जम्मा हुने गरी व्यवस्था भएको छ । यसबाट स्रोतको ठूलो जोहो हुनेछ । जलाशययुक्त आयोजना निर्माण गरी ऊर्जा सुरक्षालाई विशेष ध्यान दिन लागेको सरकारले बुढीगण्डकीलाई राष्ट्रिय गौरवका परियोजनामा सूचीकृत गरेको छ ।

> शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा गोरखा र धादिङका जनप्रतिनिधिले आयोजनाका सम्बन्धमा बुझाउनुभएको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री दाहालले भने शुक्रबार बस्ने मन्त्रिपरिषद्को बैठकमा पनि यसबारे छलफल हुन्छ ।

# उखु, अमिलो र तोरी पेल्ने परम्परागत ‘कोल’ लोप हुँदै

**टुडे समाचारदाता**



गलेश्वर । म्याग्दीका ग्रामीण भेगबाट उखु, अमिलो र तोरी पेल्ने परम्परागत ‘कोल लोप’ हुँदै गएका छन् । प्रविधिको विकाससँगै परम्परागत प्रविधिमा आधारित उखु, अमिलो र तोरी पेल्ने परम्परागत कोल अहिले गाउँबाटै लोप हुँदै गएका हुन् ।

ग्रामीण क्षेत्रमा सडकको विस्तारसँगै यातायात, प्रविधि र सञ्चारको विस्तार हुँदै गएपछि नागरिक सुविधाभोगी हुनाका साथै परम्परागत प्रविधिको संरक्षणमा ध्यान नदिँदा यस्ता रैथाने प्रविधि लोप हुँदै गएका हुन् । विकाससँगै ग्रामीण क्षेत्रमा पनि यातायातको पहुँच बढ्दै जाँदा तेल पेल्न मिलको प्रयोग हुन थालेपछि परम्परागत कोल लोप हुन थालेका पाको पुस्ताका ज्येष्ठ नागरिकको भनाइ छ । बजारमा पाइने विभिन्न किसिमका ‘प्याकिङ’ गरिएका खाने तेल गाउँमा सहजै उपलब्ध हुनु र तेल पेल्न पनि मिलको प्रयोग हुन थालेपछि परम्परागत कोल प्रयोगविहीन बन्दै गएका मालिका गाउँपालिका-६ का ७४ वर्षीय टीकाजित पुनले बताए ।

एकताका तेल र घीउमा आत्मनिर्भर मानिने म्याग्दीको पश्चिमी क्षेत्रमा अहिले तेलहन बालीको खेती गर्ने प्रचलनमा पनि कमी हुँदै गएको छ । “पहिला जिल्लामा प्रशस्त मात्रामा उखु, तोरी र अमिलोखेती गरिन्थ्यो, जङ्गलमा प्रशस्तै चिउरी फल्थ्यो, चिउरी पेलेर पनि तेल निकालिन्थ्यो”, पुनले भने, “अहिले त मान्छेले तेलबाली पनि लगाउन छाडे, कोल हराइनै सके ।”

उनीका अनुसार हिउँदयामका दिन फुर्सदिला हुने भएकाले कोलमा प्रत्येक परिवारले उखु र तेल पेल्ने चलन थियो । शुक्रबारभोलिकोलपनिहराइसकेको उनी बताउछन् । “अलिअलि बेचेका कोल पनि प्रयोगविहीन छन्”, मङ्गला गाउँपालिका-२ का ७९ वर्षीय भीमबहादुर सेनले बताए ।

जलवायु परिवर्तनसँगै उब्जनी कम तथा बजारमा सजिलै किन्न मिल्ने गरेकाले उखु र अमिलो पेल्ने कोल हराउँदै गएका उनको बुझाइ छ । उनीका अनुसार कोल प्रायः सामुदायिक हुन्थे । गाउँभरिको एउटै कोल हुने भएकाले हरेक परिवारले हिउँदयाममा पालैपालो तेल पेल्ने र कोलका खाँबा फेर्नु परेमा समुदायका सबै मानिस मिलेर ल्याउने गरिएको थियो । विगतमा जिल्लाभरि सयौँको सङ्ख्यामा रहेका यस्ता कोल अहिले अधिकांश लोप भइसकेका उनी बताउछन् ।

दुर्गम गाउँमा रहेका एक/दुई कोल पनि विस्तारै प्रयोगविहीन छन् ।

कोल लोप भएसँगै जिल्लामा तेलहन बालीको खेती लगाउनेको संख्या पनि घट्दै गएको छ । कोलमा तेल पेल्नका लागि बढी जनशक्तिसँगै शारीरिक श्रम बढी लाग्ने र बजारमा सजिलै तेल किन्न पाइने भएपछि कोलसँगै तेलहन बालीको खेतीसमेत हराउँदै गएको र कोललाई नै प्रवर्द्धन गर्न वा तेल पेल्न आधुनिक प्रविधिमा आधारित उद्योग खोलिएकाले कोल लोप हुँदै गएका ज्येष्ठ नागरिकको भनाइ छ ।धान कुट्ने ढिकी, ओखल, मकै पिस्ने जाँतो पनि यहाँबाट लोप हुँदै गएका बेनी नगरपालिका-४ का भक्तिराम पौडेलले बताए । “ढिकी, जाँतोको ठाउँमा आधुनिक मेसिन गाउँगाउँमा भित्रन थालेपछि स्थानीय सामग्री लोप भएका हुन्”, उनले भने, “पानीबाट चल्ने पानीघट्ट पनि विस्थापित भइसकेका छन् ।”

कोल मात्र होइन, कुटानी-पिसानीका अन्य घरेलु मेसिन समेत बिस्तारै लोप भएका छन् । ढिक्की, जाँतो, ओखल, सिलौटासमेत बिस्तारै लोप हुँदै गएको यहाँका स्थानीय बासिन्दाको भनाइ छ । ब्याट्री र विद्युत्बाट सञ्चालन हुने आधुनिक मेसिन भित्रिएपछि परम्परागत घरेलु मेसिन लोप हुँदै गएको स्थानीय डेकबहादुर सिउथानीले बताए ।जनजाति समुदायले प्रयोग गर्दै आएका घरेलु मेसिनलाई परिमार्जन गर्न नसक्दा लोप हुँदै गएको उनको भनाइ छ । पुर्खाले प्रयोग गर्दै आएका घरेलु मेसिन लोप हुँदा आधुनिक मेसिनको आयात बढेको सिउथानीले बताए । केही वर्षपछि नेपालीले प्रयोग गर्ने घरेलु मेसिन पूर्णरुपमा लोप हुने र पूरै आयातीत मेसिनबाट गाउँ भरिने पुराना पुस्ताको चिन्ता छ ।

# कावासोतीबाट गैँडा स्थानान्तरण सुरु

**टुडे समाचारदाता**



चितवन । चितवन राष्ट्रिय निकुञ्जले शुक्रबारदेखि आन्तरिक गैँडा स्थानान्तरणको काम सुरु गरेको छ । नवलपुरको कावासोतीबाट एउटा गैँडा नियन्त्रणमा लिएर कामको शुभारम्भ गरिएको हो ।

निकुञ्जको पश्चिमी क्षेत्रमा गैँडाको सङ्ख्या बढी भएपछि यहाँका केही गैँडा निकुञ्जको पूर्वी क्षेत्रमा आन्तरिक रुपमा स्थानान्तरण गर्न लागिएको निकुञ्ज कार्यालयले जनाएको छ । निकुञ्जका सहायक संरक्षण अधिकृत एवं सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार शुक्रबार देवचुली नगरपालिकाको महाराजा सामुदायिक वन आसपास बस्दै आएको २८ वर्ष हाराहारीको गैँडा कावासोती नगरपालिका-२ स्थित वनबाट नियन्त्रणमा लिइएको हो ।

उक्त गैँडा मानव बस्तीमा समेत पस्ने गरेको उनले बताए । उमेर बढी भएकाले यो गैँडालाई निकुञ्जको मुख्यालय कसराबाट पूर्वतर्फ लगेर छाडिने तिवारीले जानकारी दिए ।

उनीका अनुसार निकुञ्जका हात्ती, हात्ती सारे, प्राविधिक जनशक्ति, कर्मचारी, सुरक्षार्थ खटिएको नेपाली सेना र अन्य कर्मचारी गरी ६० जना जनशक्ति गैँडा स्थानान्तरणमा परिचालन भएका छन् । निकुञ्जले अहिले छ वटा गैँडालाई आन्तरिक स्थानान्तरण गर्ने तयारी गरेको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गठन गरेको अध्ययन टोलीको प्रतिवेदनअनुसार गैँडा स्थानान्तरण गर्न लागिएको हो । स्थानान्तरण गर्दा आठ वर्षदेखि माथिका गैँडालाई गरिने छ ।

गैँडा स्थानान्तरणका लागि दुई साता समय लाग्ने अनुमान गरिएको सूचना अधिकारी तिवारीले बताए ।

गैँडा स्थानान्तरणपश्चात् पश्चिम र पूर्वका गैँडाको बीचमा संसर्ग भएर प्रजननमा सहयोग पुग्ने अपेक्षा निकुञ्जको छ ।

पछिल्लो गणनाअनुसार नेपालमा सात सय ५२ गैँडा छन् । जसमध्ये बर्दियामा ३८ र शुक्लाफाँटामा १७ वटा छन् । चितवन राष्ट्रिय निकुञ्जमा छ सय ९४ र पर्सा राष्ट्रिय निकुञ्जमा तीनवटा गैँडा छन् । एकै ठाउँमा धेरै गैँडा हुँदा प्राकृतिक कारणले मर्ने क्रम बढ्ने गर्दछ । घाँसेमैदान र पानीका स्रोत व्यवस्थापन गरी गैँडा पूर्व स्थानान्तरण थालिएको हो ।

# दुग्ध किसानको रकम तत्काल भुक्तानी गर्न अर्थमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । अर्थ मन्त्रालयले दुग्ध किसानलाई दिन बाँकी भुक्तानी तत्काल गर्ने भएको छ ।

अर्थमन्त्री वर्षमान पुनले शुक्रबार राजस्व सचिव डा रामप्रसाद घिमिरेसहित मन्त्रालयका उच्च अधिकारीलाई तत्काल किसानको भुक्तानी दिने प्रक्रिया अघि बढाउन निर्देशन दिनुभएको उनको सचिवालयले जनाएको छ ।

उक्त निर्देशन दिनुअघि अर्थमन्त्री पुनले कृषिमन्त्री ज्वालाकुमारी साह, कृषि सचिव डा गोविन्प्रसाद शर्मा र पशुपक्षी विकास सचिव डा रेवतीरमण पौडेलसँग छलफल गरेका थिए ।

आफ्नो उत्पादनको भुक्तानी नपाएको भन्दै केही महिनायता दुग्ध किसान आन्दोलनरत छन् । किसानलाई भुक्तानीका लागि दुग्ध विकास संस्थान (डिडीसी) ले अर्थ मन्त्रालयसँग रकम माग गरेको थियो ।“किसानले दूधको भुक्तानी नपाएको अवस्थामा राज्य किसानका पीडा हेरेर बस्न सक्दैन । विगतमा जे कारणले रोकिएको भए पनि शुक्रबारै वा आइतबारसम्म किसानको बक्यौता भुक्तानी हुन्छ”, पुनले निर्देशन दिँदै भने ।

निर्माण व्यवसायीले पाउनुपर्ने भुक्तानी पनि अर्थ मन्त्रालयले नरोक्ने उनले स्पष्ट पारे ।

अर्थमन्त्री पुनका अनुसार कृषि मन्त्रालयको चालु आर्थिक वर्षको बजेटबाट समर्पण गराएर किसानको भुक्तानी दिइन लागिएको हो । चालु आर्थिक वर्षमा रु ५१ अर्ब बजेट रहेको कृषि मन्त्रालयले हालसम्म कूल बजेटको ५४ प्रतिशत मात्र खर्च गरेको छ ।

मन्त्री पुनले बजेट समर्पणका लागि शुक्रबारै पत्राचार गर्न कृषिमन्त्री र सचिवहरुलाई आग्रह गरेका छन् ।

दुग्ध किसानका लागि अर्थमन्त्रीबाट स्पष्ट निर्देशन आएको र मन्त्रालयले क्रमशः दुग्ध किसानको बक्यौता भुक्तानी गर्दै जाने राजस्व सचिव डा घिमिरेले बताए ।

# गुन्द्री बुन्ने चलन लोप हुँदै

**रासस**

डुम्रे । पछिल्लो समय ग्रामीण क्षेत्रमा गुन्द्री बुन्ने चलन लोप हुने अवस्थामा छ । प्लाष्टिकका गुन्द्री बजारमा प्रशस्त पाइन थालेपछि पराल तथा गुदका गुन्द्री बुन्ने चलन लोप हुँदै गएको स्थानीय बताउँछन् ।

हाल आधुनिकतासँगै जनजीवन परिवर्तन भएर कुर्सीको प्रयोग गर्नेको सङ्ख्या बढ्न थालेपछि गुन्द्रीमा बस्ने व्यवहारमा पनि परिवर्तन आउन थालेको छ । सहरी क्षेत्रका साथै ग्रामीण क्षेत्रमा पनि अधिकांशले अहिले प्लाष्टिकका कुर्सीको उपयोग गर्दछन् । परालको गुन्द्रीसँगै सिमान्तकृत दरै (दराई) समुदायले प्राकृतिक तथा जैविक कच्चापदार्थको प्रयोग गरी गुदको गुन्द्री बुन्ने गर्दछन् । तनहुँको व्यास नगरपालिका-१ भादगाउँका ६८ वर्षीया मनसुलीमाया दरैले सानो उमेरदेखि गुदको गुन्द्री बुन्दै आएको बताए । उनले भने, “साउन अन्तिमदेखि कात्तिकसम्म गुद सङ्कलनका लागि विभिन्न स्थानमा जानुपर्छ । पुस, माघमा हर्रोको लेदोले पोतेर सुकाइन्छ । प्राकृतिकरुपमा जङ्गलमा रहेका कच्चापदार्थ सङ्कलन गरी माघ, फागुन, चैतसम्म बुन्ने गरेका छौँ ।”

गुदको गुन्द्री बुन्ने निकै समय र मेहेनत लाग्ने मनसुलीमायाले जानकारी दिए । “राम्रो र बुट्टेदार देखिए पनि बुन्न भने लामो समय लाग्छ । मौलिक संस्कार र संस्कृति जोगाउनका लागि हामीले अझै गुदका गुन्द्री बुन्ने गरेका छौँ”, उनले भने । अतिथि सत्कार मात्रै नभई संस्कार र पहिचानका लागि पनि गुन्द्री बुन्ने गरिएको उनको भनाइ छ ।स्थानीय ६६ वर्षीया फूलमाया दरैले भने, “पहिले पहिले त बाबियाको डोरीले गुन्द्री बुनिन्थ्यो । अहिले फेरिँदै गएको छ । हामी अल्छी हुन थालेका छौँ । अहिले सुतरीको डोरीमा नै गुदको गुन्द्री बुन्छौँ ।” पहिले पहिले धेरै ठाउँमा पाइने गुद अहिले पाउन अलि कठिन हुन थालेको उनको अनुभव छ ।

फूलमायाले भने, “पहिले त चार/पाँच दिन लगाएर विभिन्न स्थानमा पुगेर खोला किनारमा पाइने गुद लिएर आउने गर्थ्यौँ । ल्याएर घाममा सुकाएर पुस लागेपछि भने बुट्टेदार गुन्द्री बुन्नका लागि रङ्ग्याउने कार्य थालनी हुन्छ ।” साधाभन्दा बुट्टेदार बुन्ने प्रचलन बढी रहेको भन्दै यो आकर्षित पनि देखिने उनले बताए ।पहिले हिँडेर गुद ल्याउने गरिएको थियो भने अहिले सवारीसाधनमा जाने हुँदा एकै दिनमा ल्याउने गरिएको फूलमायाले बताए । सुविधाको पनि उपयोग गरिरहेको भन्दै परालको भन्दा गुदको गुन्द्री बुन्न कठिन हुने उनको अनुभव छ । “परालको गुन्द्रीमा बिट सजिलो हुन्छ । गुदको गुन्द्रीमा बुट्टासँगै बिट मार्ने फरक तरिका हुने भएकाले अलि समय लाग्छ”, उनले भने ।

परालको गुन्द्रीमा जस्तो बिटले गुदको गुन्द्री एकैछिनमा फुस्किने भएकाले पनि यो फरक तरिकाले बनाउनुपर्ने फूलमायाले बताए । “यो फरक र कसिलो हुन्छ । जो कोहीलाई यो बिट मार्ने मुस्किल हुन्छ । अहिलेका बच्चा सिक्नै मान्दैनन्”, उनले भने, “बस्न र चलाउन खोजे पनि कच्चापदार्थ खोज्न सहज छैन । अलि बुढा भइसकेका महिला सकिएपछि हाम्रो त गुदको गुन्द्री पनि हराउँछ होला ।”हर्रोको बोक्रालाई पानीमा उमालेर बनाइएको लेदो गुदमा लगाइ घाममा सुकाइन्छ । सुकाइसकेपछि हिलो गाडेर कालो बनाउनु पर्दछ ।


## चतुर्भूजेश्वर जनता बहुमुखी क्याम्पस
सुखेपोखरी, हरिवन, सर्लाही

### रूख बिक्री गर्ने सम्बन्धमा

यस क्याम्पसको स्वामित्वमा करिब ७ बिगाह जमिनमा रहेको तपसिल जातका रुखहरु टेण्डर मार्फत तपसिलका शर्तहरु पालना गर्ने गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनमा दिउँसो ४:०० बजे गोप्य सिलबन्दी टेण्डर डाक बढाबढ प्रक्रियाद्वारा बिक्री गरिने भएको हुँदा सर्व साधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्क नम्बर : ९८५४०२९१६६**

| सि. नं. | जात | रुख संख्या | खडा रुखहरुको मूल्याङ्कन | |
|---|---|---|---|---|
| | | | काठको आयतन (क्यू.फि.) | दाउरा (२०'× ५' x ५') साईजको चट्टा |
| १ | मसला | १८४७ | ३३९.४८ | १८.९३ |
| २ | सिसौ | १५ | ४०.०१ | ०.३९ |

**शर्तहरू :**

१. बोलपत्र बढाबढ गर्दा १० प्रतिशत धरौटी रकम राख्नुपर्ने ।
२. सम्पूर्ण काठ दाउराको न्यूनतम मुल्य रु. ३,९५,०००।- निर्धारण गरिएको छ ।
३. रुख कटान गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने कर, रोयल्टी, मु.अ. कर तथा सम्पूर्ण लाग्ने खर्च सकारकर्ता स्वयमले तिर्नु बुझाउनु पर्नेछ ।
४. ठेकेदारले ठेक्का सकार गरेको मितिले ७ दिनभित्र क्याम्पस समितिको निर्णयानुसार तोकिएको रकम क्याम्पसको खातामा वा नगद दाखिला गर्नुपर्नेछ । उक्त सयममा नगद दाखिला नगरेमो पहिलो व्यक्तिको धरौटी रकम जफत गरी दोश्रो, तेश्रो व्यक्तिलाई नियमानुसार चलान पुर्जी दिनेछ ।
५. रुख बिक्री सदर वा बदर गर्ने सम्पूर्ण आधिकार क्याम्पसमा निहित छ ।

**क्याम्पस प्रमुख**

# माग पूरा नभए आन्दोलन गर्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ जनता समाजवादी पार्टी (जसपा) नेपालका असन्तुष्ट पक्षधरहरुको एक समूहले आफ्नै पार्टीको सरकारको कार्यशैलीप्रति असन्तुष्ट हुँदै मधेश प्रदेश सरकारलाई ज्ञापन पत्र बुझाएका छन् ।

मधेश प्रदेश सरकारको कामकाज सन्तोषजनक नभएको भन्दै असन्तुष्ट पक्षधरहरुको समूहले मुख्यमन्त्री सरोजकुमार यादवलाई १६ बुँदे ज्ञापनपत्र बुझाएका छन् ।

मधेश सरकारले जनअपेक्षा अनुसार कामकारबाही गर्न नसक्दा सम्पूर्ण आन्दोलन र मुद्दालाई नै ओझेलमा पर्नसक्ने भएकोले खबरदारी गर्दै १६ बुंदे माग अघि सारेका छन् ।

मधेश सरकारका तत्कालीन आन्तरिक मामिला तथा गृहमन्त्री ज्ञानेन्द्रकुमार यादवले शुक्रबार मुख्यमन्त्री सरोजकुमार यादवलाई ज्ञापन पत्र बुझाउँदै प्रहरी समायोजन, प्रदेश लोकसेवा मार्फत कर्मचारी



पदपूर्ति लगायतको माग अघि सारेका छन् ।

सो समूहले बुझाएको ज्ञापनपत्रमा प्रहरी प्रशासन समायोजन, एकल अधिकार सूची अन्तर्गत आवश्यक कानुन निर्माण, प्रदेश लोकसेवा मार्फत आवश्यक कर्मचारीको पदपूर्ति, सुशासनको प्रत्याभूति, प्रदेश सरकारको कामकाजको निरन्तर सामाजिक परीक्षण, गुणस्तरीय शिक्षा तथा मर्यादित परीक्षास्कूल स्तरीय शिक्षालाई नियमन गर्न ऐन मार्फत विद्यालय शिक्षा आयोग गठन गर्नसमेत उल्लेख गरेको छ ।

त्यस्तै प्रदेश स्तरीय विश्वविद्यालय अनुदान र नियमन आयोग ऐन द्वारा स्थापित गर्ने र केन्द्रलाई स्वायत निकाय बनाउने, प्रदेश अनुसन्धान तथा तालिम र कृषि क्षेत्रलाई व्यवस्थित तथा किसानलाई मर्यादित जीवनको सुनिश्चितताको पनि माग सो ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

खेलकुदलाई व्यवस्थित, रोजगारी प्रवर्द्धन हेतु दीर्घकालीन कदम, योजना आयोगको सचिवालयलाई पर्याप्त जनशक्ति र प्राविधिक क्षमता उपलब्ध गराउने, सुलभ, गुणस्तरीय स्वास्थ्य सेवा, सामाजिक सुरक्षाको दायरा विस्तार, एकीकृत प्राकृतिक श्रोत व्यवस्थापन र वरिष्ठ प्रादेशिक नेताको संयोजकत्वमा पार्टी र सरकार बीच समन्वय गर्ने समिति गठन गर्न बुझाइएको १६ बुँदे ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

स्वतन्त्र नागरिक समाजको अगुवाईमा उनीहरुले बुझाएको सो ज्ञापनपत्रको उल्लेख गरिएको माग अविलम्ब पूरा नभए आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

# लक्ष्मीनियाँको जङ्गलमा भीषण डढेलो

**टुडे समाचारदाता**

जलेश्वर । गौशाला नपा-१० स्थित लक्ष्मीनियाको जङ्गलमा भीषण डढेलो लागेको छ। अनियन्त्रित डढेलोले घाटगद्दी गरी राखिएका करौडौं मूल्य बराबरको काठ खरानी पारेको छ ।

डढेलोलाई सुरुमा वनकर्मी, सशस्त्र प्रहरी तथा स्थानीय पसलेले निभाउने प्रयास गरेका थिए । लामो समयदेखिको खडेरी र तीव्र गतिमा चलेको पश्चिमा हावाका कारण आगोले विकराल रुप लिएको छ । वनकर्मी, सुरक्षाकर्मी तथा बर्दिबास, गौशाला, रामगोपालपुर र सर्लाही हरिवनबाट आएका ४ वटा वारुणयन्त्रले आगो निभाउने प्रयास गरेका छन् ।

आगो काठको मुनिसम्म पुगेको हुँदा ६ वटा स्काभेटरको सहयोगमा त्यस्ता काठ झिकेर नियन्त्रणमा लिने प्रयास गरिँदै छ । लामो प्रयासपछि आगो केही मत्थर भए पनि पूर्णरुपमा नियन्त्रणमा आइनसकेकोले अहिले पनि घटनास्थलमा वारुणयन्त्र, स्काभेटर, सुरक्षाकर्मी र वनकर्मचारी आगो निभाउन जुटेका छन् ।

स्थानीय प्रत्यक्षदर्शीका अनुसार पश्चितर्फबाट सल्किँदै आएको डढेलो सुरुमा डिभिजन वन कार्यालय नजिकको सशस्त्र क्याम्पसम्म पुगेको थियो । घटनास्थल नजिकैको लोकमार्ग छेउको छाप्रोमा नास्ता पसल गर्दै आएकी तुलमाया गुरुङका अनुसार सशस्त्र




क्याम्पनजिक डढेलो पुगेको देखेर सबैजना पानी बोकेर निभाउन जाँदा त्यहाँको आगो सशस्त्रकै प्रयासमा नियन्त्रणमा आएको बताइन् ।

"त्यहीबेला पश्चिमबाट एक्कासि उठेको हावाको भुमरीले बल्दै गरेको डढेलोको पतिङ्गरको मुस्लो उडाएर वन कार्यालयले घाटगद्दी गरी राखेको प्लटमा पुऱ्याएपछि हेर्दाहेर्दै आगोले वनै निल्ला जस्तो भयो" तुलमायाले भनिन्, "म ६१ वर्षकी भएँ संसारै भष्म पार्लाजस्तो यस्तो आगलागी त देखेकी थिइनँ।"

डिभिजन वनले काठ भण्डारण (घाटगद्दी) गरिएको क्षेत्रफलाई डढेलोबाट जोगाउन चारैतिर ट्रेन्च खन्नुका साथै ६ मिटर चौडाइको फायरलाईन बनाउने जस्ता पूर्व सतर्कता अपनाएको थियो । काठ भण्डारण क्षेत्र नजिकै सब डिभिजनका कार्यालय र सशस्त्र पोष्ट रहेकाले पनि सबै सतर्क अवस्थामा थिए । तर हावाको भुमरीले डढेलोको ठूलो मुस्लोलाई उडाएर घाटगद्दी क्षेत्रको चारैतिर सल्काएपछि खडेरीले सुकेर खारिएका झिक्रा र पुराना सुके मक्किएका काठ हेर्दाहेर्दै पट्रोल दन्के झैं दन्केपछि हाहाकार मच्चिएको प्रत्यक्षदर्शीले बताए ।

लक्ष्मीनियाँको डिभिजन वन कार्यालय दक्षिणतर्फको करिब २ हेक्टर क्षेत्रफलमा फैलिएको घाटगद्दीमा डढेलो लागेको छ । यो घाटगद्दीका ४ ब्लकमा दश वर्ष पुरानादेखि ०७४ सालमा ४०० केभी हाइटेन्सनलाइनको मुनि कटान गरिएका काठ राखिएका छन् । जसमध्ये डढेलोबाट ब्लक 'सी २' को ७५ प्रतिशत र ब्लक 'सी ४' को शतप्रतिशत काठ जलेको डिभिजन वन प्रमुख सन्तोष झाले बताए ।

आगो निभाउने काम जारी रहेकाले कति परिमाण र कति मूल्य बराबरका काठ जले यकिन हुन सकेको छैन । तथापि डढेलोका कारण ७० प्रतिशत कुकाठ र ३० प्रतिशत सखुवा काठ खरानी भएको अनुमान गरिएको छ ।

"अहिले हामी सबै आगो निभाउने काममा केन्द्रित भएकोले क्षतिको यकिन विवरण भन्न सकिने अवस्था नरहेकोले तत्काल अनुमान मात्र गरिएको हो", झाले भने, "बाँकी रहेका २ वटा ब्लकका काठलाई भने सबैको प्रसायले पूर्णरुपले जोगाउन सकिएको छ।"

वन डढेलो पूर्णरुपले नियन्त्रणमा आइसकेको छैन भने अपरान्हपछि पश्चिमी हावा चल्ने हुँदा थप जोखिम हुन नदिन नियन्त्रणको प्रयास भइरहेको डिएफओ झाले बताए ।

# फोहर व्यवस्थापनको चुनौती

ब्लग :



श्यामसुन्दर शशि




'नगर फोहर भयो । छाडा गाई-वस्तुले सडक दुर्घटना बढायो । मच्छर आतंक बढ्यो । अस्पताल वरिपरि त सांस लिनै गाह्रो भो । सफा गर्ने निकाय खोई ?, नगरपालिका भनौ कि नरकपालिका? जुन योगी आए पनि कानै चिरेका यी र यस्ता गुनासो र व्यङ जनकपुरधामवासीहरुको दैनिकी बनेको छ । चिया पसल देखि सरकारी अड्डासम्म यी र यस्ता गुनासो सुन्न सकिन्छ । पत्र-पत्रिका, रेडियो-टेलिभिजन तथा फेसबुक, इन्सटाग्राम, ट्वीटर, युट्युव जस्ता सामाजिक सञ्जालहरुका पानामा पढ्न र देख्न सकिन्छ । नगर पञ्चायत स्थापना भए देखि नै सुन्न थालिएका यी कर्ण भेदी वाक्यहरु संघीय गणतान्त्रिक कालमा पनि रोकिएको छैन् । गुनासाहरुको आयतन झन बढेकै छ ।

सवाल उठ्छ- जनकपुरका सडकहरु पहिलेको भन्दा बढी फोहर भयो वा पहिलेको भन्दा अलि सफा भयो ? यत्रतत्र देखिने फोहर यथास्थितिमै छ वा कुनै चोक वा स्थान विशेषमा मात्र देखिन्छ ? यस प्रश्नको जवाफ हामीले लगाएको चश्मा अनुसार फरक हुन सक्ला तर वास्तविकता के हो भन्ने नगर क्षेत्रका मूल सडकहरुको सफाई अवस्थामा थोरै भए पनि सुधार भएको छ । जनकचोक,



राजदेवी मन्दिर भन्दा उत्तर, जानकी मन्दिर वरिपरि थुपारिने फोहर हटाइन थालिएको छ । हो, रामानन्द चोक भन्दा पश्चिम, पेठिया बजार लगायतका स्थानहरुमा फोहर थुपार्ने काम अझै पनि रोकिएको छैन ।

माथिका उदाहरणहरुले दुई विन्दुमाथि विचार गर्नु पर्ने देखिन्छ । पहिलो सर-सफाइ र दोश्रो सर-सफाइको क्रममा संकलन भएका फोहरको व्यवस्थापन । पहिलो विन्दुमा थोरै भए पनि सुधार भएको सबैले स्वीकार गर्छन । दोश्रो विन्दु अर्थात् फोहर व्यवस्थापनको क्षेत्रका खासै प्रगति हुन सकेको छैन् । लैण्डफिल साइट तथा फोहर व्यवस्थापन युनिटको व्यवस्थान भएसम्म यो समस्यालाई कसैले चाहेर पनि समाधान गर्न सक्दैन कारण फोहर व्यवस्थापन आकाशमा हुने बाला छैन् । यसको लागि जग्गा चाहिन्छ । फेरि लैण्डफिल साइटको व्यवस्थापन जनकपुरधाम उप-महानगर पालिकाको एकल प्रयासले सम्भव छैन् । यसका लागि नगरवासीको साथ र सहयोग चाहिन्छ । संघीय र प्रदेश सरकार र गुठी संस्थानको सहयोग पनि चाहिन्छ ।

जनकपुरधाम उपमहानगर पालिकाका प्रमुख मनोजकुमार साह पटक पटक गुनासो गरेका छन् - गुठी संस्थानले जग्गा दिएन । गुठी संस्थान कस्को मातहातमा छ ?

एडीबीको सहयोगमा संचालित एकीकृत सहरी विकास परियोजना अन्तर्गत लैण्डफिल साइटको लागि विधिवत रकम विनियोजन गरिएको थियो । लैण्डफिल साइटको लागि जग्गा पनि निर्धारण गरिएको थियो तर दुर्भाग्य वस लैण्डफिल साइट बन्न सकेन । अमुक स्थानमा लैण्डफिल साइट निर्माण हुन नसक्नु ठूलो विषय होईन तर लैण्डफिल साइट बन्न नदिन भाष्य बनाइयो- 'लैण्डफिल साइट फोहर हुन्छ । काग, चिल बस्छ । महामारी फैलिन्छ । हवाई यात्रा प्रभावित हुन्छ । जनकपुरको फोहर मेरो गाउँमा आदि आदि ।' जानेर वा नजानेर बनाइएका यी भाष्य अचेल लैण्डफिल साइटको लागि जग्गा खोज्न ठूलो समस्याको रुपमा उपस्थित भएको छ ।

बढ्दो सहरीकरणसंगै फोहर व्यवस्थापन वैश्विक चुनौती बनेको छ । भारतका दिल्ली, मुम्बै, बैंगलोर जस्ता महानगरहरु यो चुनौतीको सफलतापूर्वक समाधान गर्दैछ । नेपालकै इटहरी, धरान, दमक, बिराटनगरलगायतका नगर र महानगरपालिकाहरु यस चुनौतीसंग प्रतिष्पर्धा गर्दै छ । नगर सफागर्न त्यहाँ सुविधा सम्पन्न बहुउद्येशीय फोहर व्यवस्थापन परियोजना स्थापना गरिएका छन् । जसबाट फोहर व्यवस्थापन त हुन्छ नै निजी क्षेत्रसंगको सहकार्यमा संचालित यी परियोजनाहरुबाट मल र ग्यास लगायतको उत्पादन पनि हुन थालेको छ । झन दमक नगरपालिकाले त मेडिकल वेस्टेजबाट ईंट निर्माण गर्न थालेको छ । अर्को शब्दमा भनौं भने फोहरबाट मोहर उपार्जन गर्न थालिएको छ । जनकपुरधामवासीले धरान नगरपालिकामा संचालित भेंचर वेस्ट टू ईनर्जी प्रालिले सञ्चालन गरेको फोहर व्यवस्थापन परियोजनाको निरीक्षण गर्नु आवश्यक छ । धरानको यो परियोजना सघन वस्ती भित्रै छ । परियोजनाको खुल्ला पर्खालसंगै टांसिएर निजी घरहरु छन् । खेतवारी छन् । घेरा बाहिर स्थानीयवासी आफ्ना बाल-बालिका र आमा-बुवा संग खानाखाई रहेका हुन्छन, भित्रकुहिने र नकुहिने फोहरको व्यवस्थापन भइरहन्छ । यहाँ भन्न खोजिएको के हो भन्ने फोहर व्यवस्थापन परियोजना वा डम्पिग साइट फोहरको डुंगुर होइन । रोजगारीको साधन हो । जनकपुरधामवासीबीच यो भाष्य बनाउनु जरुरी छ ।

# जनकपुरधाममा चार दिवसीय प्रादेशिक ललितकला प्रदर्शनी

**टुडे समाचारदाता**

जनकपुरधाम।मिथिलाकलाको प्रवर्द्धन गर्ने उद्देश्यले जनकपुरधाममा चार दिवसीय प्रादेशिक ललितकला प्रदर्शनी-२०८० आयोजना गरिएको छ ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान काठमाण्डु र मधेश प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा जनकपुरधामस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा शुक्रबारदेखि प्रदर्शनी आयोजना गरिएको छ । प्रदर्शनीको समुद्घाटनपछि कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले मोफसलका कलकर्मीको सिर्जनाको पहिचान र सम्मानका लागि पहिलो पटक मधेश प्रदेशमा ललितकला प्रदर्शनी आयोजना गरिएको जानकारी दिए । उनले काठमाण्डुमा रहेको अवसरलाई नेपालका सबै भूभागमा लैजान स्थानीयस्तरमा काम गर्ने सम्बद्ध संस्थासँगको सहकार्यमा यस्ता अभियान गर्ने १५औं प्रज्ञासभाको निर्णयअनुसार आफूहरू प्रादेशिकस्तरमा आएको जानकारी दिए ।

कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले चार दिनसम्म चल्ने कला प्रदर्शनीले स्थानीय प्रतिभाको पहिचान गरी हौसला बढाउन उपयोगी हुने विचार व्यक्त गरे । अध्यक्ष कापडीले ललितकला प्रतिष्ठानलाई



पहिलोपटक काठमाण्डुभन्दा बाहिर ल्याइएकामा प्रशंसा गर्दै स्थानीय कलाकर्मीको प्रोत्साहनका लागि आफूहरू सधैँ सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले मिथिला कला संस्कृतिको विकासका लागि उपमहानगरपालिका सधैँ कलाकर्मीका साथमा रहेको बताए । उनले मैथिली र भोजपुरी सभ्यतासँग जोडिएका सम्पदाको पहिचान र संरक्षण गर्न लागिपर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।

कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानका सदस्य दिनेश यादव, डा देवनारायण यादव, हरिवन नगरपालिका सर्लाहीका उपप्रमुख हरिमाया घलान, कलाकर्मी रुबी पाठक, जीवयदत्त मणीलगायतले मधेशको परम्परा, संस्कृति र सभ्यतालाई झल्काउने कलाको संरक्षण गर्न तीन तहका सरकार र सरोकारवालाको पहलकदमी जरुरी रहेको धारणा राखे ।

कार्यक्रममा मधेश प्रदेशका आठै जिल्लाका कलाकर्मी एक सयभन्दा बढी चित्रकार तथा कलाकर्मीहरूको सहभागिता रहेको छ । उद्घाटन समारोहमा कला क्षेत्रमा महत्वपूर्ण योगदान गरेको भन्दै कलाकर्मीहरू सीतादेवी कर्ण, मञ्जुला ठाकुर, सुलोचना कर्ण, विजयदत्त मणि र मुन्नी ठाकुरलाई सम्मानसमेत गरिएको थियो ।

# अतिक्रमित जग्गा खाली गराइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-१३, ढोलबाजामा रहेको कमलामाई आधारभूत विद्यालयको जग्गा अतिक्रमण गरी बनाइएका घरटहरा हटाइएको छ । विद्यालयको नाममा रहेको एक बिघा १० कठ्ठा जग्गा स्थानीयले २० औं वर्षदेखि अतिक्रमण गरी बनाइएका घरटहरा बिहीबार सबैला नगरपालिकाको न्यायिक समिति, विद्यालय व्यवस्थापन समिति, स्थानीय राजनीतिकर्मी, सुरक्षाकर्मी र स्थानीय युवा मिलेर खाली गराइएको छ ।



सबैला नगरपालिकाकी नगर उपप्रमुख रहिमा खातुनले विद्यालयको जग्गा अतिक्रमण गरी बनाइएका घरटहरा हटाउन विद्यालय व्यवस्थापन समितिले न्यायिक समितिमा निवेदन दिएपछि त्यसको कार्यान्वयन गरिएको बताइन् ।

आफूले कानुनको दायराभित्र रहेर अतिक्रमित जग्गा खाली गराएको बताउँदै उनले जेसिबी लगाउनुअघि जग्गा नाप जाँच गरी छुट्ट्याएको र पहिलो पटक ३५ दिने, दोस्रो पटक सात दिने र अन्तिम पटक २४ घण्टाभित्र जग्गा खाली गर्न सम्बन्धित व्यक्तिहरुलाई सूचना दिएको जानकारी दिइन् ।

जग्गा खाली गर्न पटकपटक सूचना दिए पनि स्थानीयले अटेर गरेपछि बाध्य भएर सबै पक्षको सहयोगमा घरटहरा हटाइएको नगर उपप्रमुख खातुनको भनाइ छ । उनले जग्गा खाली नगराउन थुप्रै राजनीतिक दबाब आएको बताउँदै त्यसको कुनै परवाह नगरी कानुनको अधिनमा रहेर विद्यालयको अतिक्रमित जग्गा खाली गराएको बताइन् ।

विद्यालयको अतिक्रमित जग्गा खाली गराएपछि स्थानीय पनि खुसी देखिएका छन् । स्थानीय पशुपति यादवका अनुसार हुने खाने केही व्यक्तिले विद्यालयको जग्गा अतिक्रमण गरिराखेका थिए । अहिले खाली भएपछि सबैलाई राम्रो भएको छ । विद्यालयको जग्गा विद्यालयले नै उपयोग गर्न पाउनुपर्ने उनको भनाइ छ ।

# सद्गुरु कविर सतसंग समारोह सम्पन्न

**टुडे समाचारदाता**

सिरहा । सिरहाको गोविन्दपुरमा सद्गुरु कविर सतसंग समारोह सम्पन्न भएको छ ।

मनुलाल साहेबको आयोजनामा भएको सो समारोहको उद्घाटन कविर सद्विचार महामण्डल नेपालका राष्ट्रिय अध्यक्ष प्रोफेसर दुखी साहेबले गरेका थिए ।

योगेन्द्र साहेबको अध्यक्षतामा भएको सो कार्यक्रमको संचालक बेचन साहेबले गरेका थिए भने सो समारोहमा रामलखन साहेब, सन्तु साहेब, कमल साहेब, सुरज साहेब, राजकुमार साहेब, रामलोचन साहेब र रामछली साहेबलगायतको उपस्थिति रहेको थियो ।

धनुषा निर्माण व्यवसायी संघ
जनकपुरधाम
सूचना ! सूचना !! सूचना !!!
यस संघ को चुनाव प्रक्रिया निम्न अनुसार छन् ।
१. मतदाता नामावली प्रकाशसण २०८०/१२/९ गते ।
२. मतदाता नामावली माथी दावि विरोध २०८०/१२/१३ गते सम्म ।
३. अन्तिम नामावली प्रकाशसण २०८०/१२/१६ गते ।
४. मनोनयन दर्ता २०८०/१२/१८ गते ११ बजे देखि ४ बजे सम्म ।
५. मनोनयन माथी दावि विरोध २०८०/१२/१९ गते १ बजे सम्म ।
६. अन्तिम नामावली उम्मेदवार हरुको २०८०/१२/२० गते ।
७. चुनाव २०८०/१२/२४ गते विहान ०८:३० देखि ५ बजे सम्म ।
कामेश्वर झा
निर्वाचन आयुक्त

उपभोक्ताको अधिकारको रक्षा गरौं ।
- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपुर्ति पाउने हक हुन्छ ।
उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्य रुपमा मनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८